
# लेखापरीक्षण प्रतिवेदन

# सुर्नया गाउँपालिका, बैतडी

आर्थिक वर्ष २०८०/८१




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सुर्नया गाउँपालिका, बैतडी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/36

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
सुर्नया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बैतडी।

**कैफियतसहितको राय**

हामीले सुर्नया गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकालाई प्राप्त हुने सबै प्रकारको राजश्व, नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा पालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम स्थानीय संचित कोषमा जम्मा हुने व्यवस्था छ। पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं.

२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएकोसामाजिक सुरक्षा तथा संरक्षणको रु. ८ करोड ४२ लाख २० हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१ करोड ७७ लाख ६५ हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार समेत रु. १० करोड २४ लाख समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्ब ८८ लाख ७० हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ५८ लाख ८१ हजार (१.५७ प्रतिशत) बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. १ लाख ३७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३१ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४९ लाख ८ हजार, नियमित गर्नुपर्ने रु. ६९ लाख ५९ हजार र पेस्की बाँकी रु. ७ लाख ५० हजार रहेको छ। गत वर्षसम्म रु. २१ करोड २९ लाख ४९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड ४४ लाख १४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

## बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८३ | ६९ | १५८८१९१८ | ० | १० | १३७५४४ | ० | ८३ | ५९ | १५७४४३७४ | ३१२६३८९ | ६९५९४०३ | ४९०८५८२ | ० | ० | ११८६७९८५ | ७५०००० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बैतडी | २१२९४८९९२ | ० | १४३५४१५४ | १९८५९४८३८ | 75017 | १५७४४३७४ | २१४४१४२२९ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | २६ | वालविकास पारिश्रामिक बढी निकासा | ३२००० |
| २ | २०७८/७९ | २८ | दिवा खाजा बढी निकासा | ६६१५० |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०७८/७९ | ३५.४ | प्रशिक्षक भत्ता | २७७१० |
| ४ | २०७८/७९ | ३९.१ | महङ्गी भत्ता | २४००० |
| 5 | २०७८/७९ | 39.२ | पारिश्रमिक कर | ३५५४० |
| ६ | २०७८/७९ | ३९.४ | डोर हाजिरी | १०००० |
| ५ | २०७९/८० | ३०.१ | शिक्षकको प्राविधिक ग्रेड | ३६७९२८ |
| ६ | २०७९/८० | ३१.३ | जोखिम भत्ता | १७८२ |
| ७ | २०७९/८० | ३१.४ | फिल्ड भत्ता | ४२७६८ |
| ८ | २०७८/७९ | ३७ | विद्यालय भौतिक पूर्वाधार निर्माण | १३७४६२७६ |
| ९ | २०८०/८१ | २.३ | बैंक हिसाब विवरण | ३५०४४ |
| १० | २०८०/८१ | २३ | बैठकमा उपस्थित भएको समयावधिको दैनिक भ्रमण भत्ता | ९३६०० |
| ११ | २०८०/८१ | ४२ | फस्र्योट गर्न बाँकी आन्तरिक लेखापरीक्षणको व्यहोरा | ८९०० |
| जम्मा | | | | १४४९१६९८ |

# (८०७७४५०६३०० - सुर्नया गाउँपालिका, बैतडी )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ८ वडा रहेका छन् भने क्षेत्रफल १२४.५२ वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना, २०७८ अनुसार १७,९४५ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१८ देखि २०८१।५।२० सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति** - आय-व्ययतर्फ गरी जम्मा रु. १ अर्ब ८८ लाख ७० हजार १४३ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३०२३२.०० असुल भई दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | स्थानीय भत्ता र फुटकर खर्च वापत | ३०२३२ |

**ज) वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १३७५३९६४.०४ | १ | चालु खर्च | ३१०६४१३९५.६५ | ३१०६४१३९५.६५ |
| | क) संचित कोष | ७१४०७४१.११ | | २ | पूँजीगत खर्च | ५९४९०७३१.१ | ५९४९०७३१.१ |
| | ख) धरौटी मौज्दात | ६२२२२८६.७३ | | ३ | धरौटी फिर्ता | १०२०३०९ | १०२०३०९ |
| | ग) विविध खर्च खाता | ३०५३७४ | | ४ | कोष फिर्ता | | २८६२१३५ |
| | घ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६६,७१४.२० | | | क) विविध खर्च खाता | १५५२००० | |
| | ङ) स्थानीय तह विविध कोष खाता | १८,८४८.०० | | | ख) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १३१०१३५ | |
| २ | राजस्व ( आन्तरिक आय) | | ७५८२२६०१.८८ | ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | १०२४००३५१ |
| | क) आन्तरिक राजस्व | ४७३४८१८.४७ | | | क) सामाजिक सुरक्षा | ८४२२०२९६ | |
| | ख) राजस्व बाँडफाँड | ७१०८७७८३.४१ | | | ख) गरिबसँग विश्वेश्वर कार्यक्रम | ४१५००० | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३०१४०१९३५ | | ग) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १७७६५०५५ | |
| | क) वित्तिय समानीकरण अनुदान | ७५९८१००० | | ६ | अनुदान फिर्ता | २७५३६७३९ | २७५३६७३९ |
| | ख) सशर्त अनुदान | २१४९७४००० | | ७ | मौज्दात | | १४७२०७८५.३५ |
| | ग) समपूरक अनुदान | ३७५०००० | | | क) संचित कोष मौज्दात | ७०५९०४९.११ | |
| | घ) विशेष अनुदान | ६६९६९३५ | | | ख) धरौटी मौज्दात | ७१८०७८१.७३ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २०३९७६८१ | | ग) विविध खर्च खाता | ४०९०६३.७४ | |
| | क) वित्तिय समानीकरण अनुदान | ६६०८००० | | | घ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १७,९९९.२० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सशर्त अनुदान | ६३५०००० | | | ङ) स्थानीय तह विविध कोष खाता | १८,८४८.०० | |
| | ग) समपुरक अनुदान | २०९४१२५ | | | च) नगद मौज्दात | ३५०४३.५७ | |
| | घ) विशेष अनुदान | ५३४५५५६ | | | | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | १०२४००३५१ | | | | |
| | क) सामाजिक सुरक्षा | ८४२२०२९६ | | | | | |
| | ख) गरिबसँग विश्वेश्वर कार्यक्रम | ४१५००० | | | | | |
| | ग) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १७७६५०५५ | | | | | |
| ६ | विभिन्न कोषतर्फको आय | | ४८९५९१३ | | | | |
| | क) धरौटी आय | १९७८८०४ | | | | | |
| | ख) विविध खर्च खाता | १६५५६८९ | | | | | |
| | ग) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १२६१४२० | | | | | |
| | जम्मा | ५१८६७२४४६ | ५१८६७२४४६ | | जम्मा | ५१८६७२४४६ | ५१८६७२४४६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८,४२,२०,२९६.००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,७७,६५,०५५.०० र गरिबसँग विश्वशेर कार्यक्रम रु. ४,१५,०००.०० समेत रु. १०,२४,००,३५१.०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ **फरक हिसाब** - पालिकाले सुत्रबाट तयार गरेको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. १३,४८,३३,००३.६४ र यस वर्षको भुक्तानी रु. १३,३८,१९,५३३.९ फरक परेको छ।

सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १३७५३९६४.०४ | ३७००८५४७८.३२ | ३७०१३२१२६.७५ | १४७२०७८५.३५ |
| एकीकृत आर्थिक विवरणअनुसार | १३७५३९६४.०४ | ५०४९१८४८१.९६ | ५०३९५१६६०.६५ | १४७२०७८५.३५ |
| फरक | ० | १३४८३३००३.६४ | १३३८१९५३३.९ | ० |

२.३ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ७०५९०४९.११ | ७०५९०४९.११ | ० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | ४०९०६३.७४ | ४०९०६३.७४ | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १७९९९.२० | १७९९९.२० | ० |
| स्थानीय तह विविध कोष खाता | १८४४८ | १८४४८ | ० |
| स्थानीय तह धरौटी खाता | ७१८०७८१.७३ | ७१८०७८१.७३ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ३५०४३.५७ | ० | ३५०४३.५७ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | |
| बैङ्क | १४७२०३८५.३५ | १४६८५३४१.७८ | ३५०४३.५७ |
| जम्मा | | | ३५०४३.५७ |

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **३५,०४३.५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२.४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा रु. ३५,०४३.५७ मौज्दात रहेको पाइयो। तोकिएको समयमा रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि

विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

· विभिन्न म ले प फा नं. का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

· वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

· जिन्सी निरीक्षण प्रतिवेदन पेश नहुँदा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नपर्ने के हो एकीन भएन,

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· प्रदेश निजामती सेवा ऐन, बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

· सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

· राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वियनमा आएको पाइएन,

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन, साथै यस बर्ष निर्माण गरेका सबै पूँजीगता कार्यको फोटो राख्ने गरेको पाइएन,

· दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

## ४ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको त्रैमासिक अवधिमा लेखापरीक्षण नगरी आर्थिक वर्षको अन्त्यमा मात्र आन्तरिक लेखापरीक्षण गरेको छ। साथै आन्तरिक लेखापरीक्षण प्रतिवेदनका सुरक्षा कार्यान्वियनमा तदारुकता देखाएको पनि छैन। तसर्थ कानुनमा तोकिए बमोजिमको अवधिमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदनमा उल्लेखित सुझाबको कार्यान्वियन मार्फत आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

## ५ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

## ६ आन्तरिक आय तर्फ

६.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्थाछ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३३,८०,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष

२०८०।८१ मा रु.४६,९९,७७४.९० अर्थात अनुमान भन्दा ३९.०५ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

६.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २४३२११४१३.९८ | ४६९९७७४.९० | १.९३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.९३ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

६.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पति कर | ० | ७५७०३ | ७५७०३ |
| भूमिकर/मालपोत कर | ६००००० | ३५०९७०.७६ | ५८.५० |
| बहाल कर | ३००००० | ६१५४९५.८ | २०५.१७ |
| घरजग्गा रजिष्ट्रशन दस्तुर | ० | ६५० | ६५० |
| व्यवसायले भुक्तानी गर्ने | ० | १२९०० | १२९०० |
| व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ० | ५५०० | ५५०० |
| कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ० | ५३०० | ५३०० |
| अन्य कर | ० | १६१९१७०.३४ | १६१९१७० |
| सरकारी सम्पतिको बहालबाट प्राप्त आय | ० | ५२००० | ५२००० |
| विधुतीय सेवा शुल्क | ० | ३०० | ३०० |
| परीक्षा शुल्क | ३०००० | ० | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | ४००००० | ५८२०६ | १४.५५ |
| नक्सा पास दस्तुर | ३०००० | ० | ० |
| सिफारिस दस्तुर | ४७०००० | ४७९०४८ | १०१.९३ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | २२६४०० | ११३.२ |
| नाता प्रमाणित दस्तुर | ३००००० | १०५५५० | ३५.१८ |
| अन्य दस्तुर | १००००० | ४१२२८२ | ४१२.३ |
| व्यवसाय रजिष्ट्रशन दस्तुर | ३००००० | ० | ० |
| अन्य क्षेत्रको आय | १००००० | ० | ० |
| प्रशासनिक दण्ड जरिवाना र जफत | २००००० | २४३०३० | १२१.५ |
| धरौटी सदर स्याहा | २००००० | ० | ० |
| अन्य राजस्व | ० | ७५१०० | ७५१०० |
| व्यवसाय कर | ० | ३६२१६९ | ३६२१६९ |
| बेरुजु | १५००००० | ० | ० |
| जम्मा | ३३८०००० | ४६९९७७४.९ | १३९.०५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

६.४ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आ.व. २०७८/७९को आय अनुमान | संकलन प्रतिशत | आ.व. २०७९/८०को आय अनुमान | संकलन प्रतिशत | आ.व. २०८०/८१को आय अनुमान | संकलन प्रतिशत |
|---|---|---|---|---|---|
| २२०००००० | १६०९८४४.८० | २५०००००० | २४८११०४.१५ | ३३८०००० | ४६९९७७४.९० |
| असुली प्रतिशत | ७३.१७ | असुली प्रतिशत | ९९.२५ | असुली प्रतिशत | १३९.०५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आन्तरिक आयको विश्लेषण गर्दा आ.व. २०७८/७९ मा आय अनुमान रु. २२०००००.०० गरिएकोमा रु.१६०९८४४.८० अर्थात ७३.१७ प्रतिशत आ.व. २०७९/८० मा रु.२५०००००.०० आय अनुमान गरिएकोमा रु.२४८११०४.१५ अर्थात ९९.२५ प्रतिशत संकलन भएको देखिन्छ। आ.व. २०८०/८१ मा रु.३३८००००.०० आय अनुमान गरिएकोमा रु.४६९९७७४.९० (१३९.०५ प्रतिशत) प्राप्त भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आय बढ्दो क्रममा भएता पनि पालिकाको प्रशासनिक खर्चको तुलनामा न्यून रहेको देखिन्छ। अत: पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

६.५ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३,६२,१६९.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

## ७ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानुन बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १ वटा ऐन १९ कार्यविधि लगायत २० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै पालिकाले २१ वटा कानुन निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियन गर्ने र नमुना कानुन अनुसार सबै कानुन तर्जुमा गरी कार्यान्वियन गरेको देखिएन। तसर्थ उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ।

## ८ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी कुनै पनि मुद्दा देखिदैन। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

## ९ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १० वटा सहकारी संस्था रहेकोमा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

## १० आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु. ५,४९,५०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.४६,९९,७७४.९० को ११.६९ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

## ११ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २८ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १६ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

## १२ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित नगराई आलेपबाट पारित तलबी प्रतिवेदनको आधारमा स्वास्थ्य तर्फ २९ जना कर्मचारीको रु. १९४०५२६२.४४ र पालिकाका २० जना कर्मचारीको रु. ९१६६४१६.७२ समेत रु. २०२७३३५९.८८ खर्च लेखेको छ। तोकिएको निकायबाट तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

## १३ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

## १४ स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट

स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्वेश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष सो मूल्याङ्कन प्रतिवेदन अनुसार पालिकाले पुर्णाङ्क १०० मा ४०.२५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

## १५ विविध तथा सभा संञ्चालन खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष वडामा समेत गरी विविधतर्फ (खाजा, खाना लगायत) रु.३५२३६१९.०० र सभा सञ्चालनतर्फ रु.७६३१४५.०० खर्च गरेको छ। उक्त खर्च पालिकाको आन्तरिक आय रु.४२८६७६४ को ९१.२१ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यबस्था हुनु पर्दछ।

## १६ पालनाको लेखापरीक्षण

१६.१ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१६.२ **बजेट सीमा निर्धारण समिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१६.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१६.४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाको उपप्रमुखले मिति २०८०।०३।०९ मा रु. ४२ करोड ८० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

१६.५ **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष रु. १५१११०००.०० अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा रु. १४३७८८९१.०० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ। अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र. सं | योजनाको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १ | हटैराज देखि बटैराज सडक मर्मत | ४०००००.०० | ३९८५१७.०० |
| २. | पपिता बोहोरी गाउँ सडक निर्माण | ८०००००.०० | ७९९२०३.०० |
| ३. | कार्यालयको शौचालयमा राख्ने | ३०००००.०० | २९७७३६.०० |

१६.६ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल १५७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३३ | ५ | २८ | ० |
| २. | वडास्तरीय | १२४ | ० | १ | १२१ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १५३ योजनामात्र कार्यान्वयन भई ४ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१६.७ **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार पालिकाको वार्षिक प्रगति विवरण निम्नानुसार रहेको छ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५ % सम्म प्रगति** | **५० % सम्म प्रगति** | **७५ % सम्म प्रगति** |
| कार्यक्रम संख्या | १५७ | ४ | ० | १ | १५२ |

पालिकाबाट यस वर्ष सञ्चालित ४ योजनामा शुन्य प्रगति भएको छन्। योजनाहरुको प्राथमिकीकरणका आधारमा बजेट विनियोजन भई कार्यान्वयन भएको देखिदैन। योजना तथा कार्यक्रमको शुन्य प्रगति हुनुले कार्यालयको अपेक्षित लक्ष्य र प्रगति हासिल हुन सक्दैन। यसर्थ प्राथमिकीकरण गरी कार्यान्वयन योग्य कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नु पर्दछ।

१६.८ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ५,९४,९०,७३१.१० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१६.९ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको आ.व. २०८०।८०१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २१५६५००० | १९२१२६०० | ५.१९ |
| २ | पूर्वाधार विकास | ३२०११७८९ | २७४३२४३५।१० | ७.४१ |
| ३ | सामाजिक विकास | २३७६६६००० | २०४४०७६७८।४४ | ५५.२३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ११५५००० | १०७७१२३ | ०.२९ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १३८१५५१५२ | ११८००२२९०।२१ | ३१.८८ |
| **जम्मा** | | **४३०५५२९४१** | **३७०१३२१२६।७५** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५.२० प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ०.२७ प्रतिशत रहेको छ।

१६.१० **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ४६९९७७४.९० राजस्व बाँडफाँड र अनुदानबाट रु. ३७२४९१४००.९६ समेत रु. ३७७१९११७५.८६ आम्दानी भएकोमा चालु तर्फ रु. ३१०६४१३९५.६५ र पूँजिगत तर्फ रु. ५९४९०७३१.१०समेत रु. ३७०१३२१२६.७५ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२७ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु. ७०००५००.०० खर्च भएको छ जुन आन्तरिक आयको १४८.९५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८३.९३ प्रतिशत चालु र १६.०७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१६.११ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ५९४९०७३१।१० | ० | ४९५५४३२।१० | १४००२९३६ | ४०५३२३६३ | २२११३०४८ |
| प्रतिशत | १०० | ० | ८.३३ | २३.५४ | ६८.१३ | २८.४८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ५९४९०७३१.१० निकासा भएकोमा प्रथम त्रैमासिकमा ०प्रतिशत, दोस्रो त्रैमासिकमा रु. ४९५५४३२.१० (८.३३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १४००२९३६.००(२३.५४ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ४०५३२३६३.०० (६८.१३ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. २२११३०४८.००(२८.४८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१६.१२ **रकमान्तर गरी खर्च** - स्थानीय सरकार संचालन ऐन**,** २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पूँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा

भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन। कार्यपालिकाको निर्णय बमोजिम २४ कार्यक्रम घटाई ३९ कार्यक्रममा बढाएर बिभिन्न शिर्षकमा कुल रु. १३८५१७८९.०० रकमान्तर गरी अधिकांश शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा ब्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ।

| क्र.स. | स्वीकृत आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. | संशोधित आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | टेण्ट र कार्पेट खरिद | २००००० | पोलीहाउस खरिद | २००००० | |
| २ | बाल अधिकार सम्बन्धी तालिम खेल सामाग्री खरिद | १००००० | बाल अधिकार सम्बन्धी तालिम र टेण्ट खरिद | १००००० | |
| ३ | पातल घट्ट कल्भर्ट निर्माण | ८०००० | भूमीराज मन्दिर भान्सा घर निर्माण | ८०००० | |
| ४ | ज्याली बन्लेक पिसिसि बाटो निर्माण | ५५००० | सामुदायिक भवन पर्खाल र प्रतिक्षालय निर्माण | ५५००० | |

पालिकाले यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

१६.१३ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। सोहि नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बील भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोलेनिका र महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ।यस पालिकाले आफ्नो स्थानीय आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली पारित नभएको अवस्थामा संघीय कानूनको अनुशरण गर्नु पर्ने हुन्छ। पालिकाले पेश गरेको विवरण अनुसार गत वर्ष रू.७१४०७४१.११ संचित कोष मौज्दात बाँकी रहि यो वर्ष अल्या गरेको छ। तर गत वर्ष भुक्तानी हुन नसकी यो वर्ष रू.४७३४०४७.०० बजेटमा भुक्तानी हुन बाँकीको रुपमा व्यवस्था गरी यो वर्ष भुक्तानी गरेको छ। त्यसै गरी आ.व. २०८०/८१ मा संचित कोष रु.७०५९०४९.११ मौज्दात रहेकोमा आ.व. २०८१/८२ को लागि रु. १९५५९६१.०० भुक्तानी दिनको बाँकी जिम्मेवारी सारेको छ। यसरी गत वर्ष खर्च भई दायित्व सृजना गरेको तर संचित कोषमा पर्याप्त रकम हुँदा समेत भुक्तानी नहुनुको कारण स्पष्ट छैन। त्यसै गरी उक्त दायित्व सृजना भएको अवस्थामा नियमावलीको उल्लिखित व्यवस्था अनुसार प्रमाणित गराई महालेखापरीक्षकको कार्यालयलाई पठाएको देखिएन। सिद्धान्ततः बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन। विशेष परिस्थितिले खर्च हुन गएको तर बजेटले नखाम्ने अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुसार विल भरपाई सहित प्रमाणित गरी महालेखापरीक्षकको कार्यालयमा पठाई बजेटमा व्यवस्था गर्नु पर्दछ।

१६.१४ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ४.२८ देखि ३९.६१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको

विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| क्र.सं. | ठेक्का नं. | योजनाको विवरण | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | NCB/SRM/BAITADI/01/2080-081 | जोगिनी हिट्नया खटनया लिफ्ट खानेपानी योजना | M.K-Sunil-M.S.D Nirman Sewa JV,Surkhet | 9005354.9 | 6572480.08 | 27.02 |
| २ | NCB/SRM/BAITADI/02/2080-081 | बसै ग्वानी सुनबाटा लिफ्ट सिचाई योजना | Prithibi/ New shrijana/kharpunath Nirman sewa JV,Madi 2 Rolpa | 9991165.6 | 7301876.16 | 26.92 |
| ३ | NCB/SRM/BAITADI/03/2080-081 | दिपुपिजास मन्दिर देखि केदार गुफा पि सि सि बाटो निर्माण | Suraj Nirman Sewa,surnaya 3 | 7593913.38 | 4585601.98 | 39.61 |
| ४ | NCB/SRM/BAITADI/05/2080-081 | आकडी खानेपानी ट्याकी निर्माण | B.ji construction,Surnaya 8 | 804754.46 | 770324.51 | 4.28 |

१६.१५ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१६.१६ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ९३१०००.०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। पालिकाले सफ्वेयर सम्बन्धित निकायबाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ। त्यसै गरी राजस्व व्यवस्थापनको लागि खरिद गरिएको राजस्व व्यवस्थापन प्रणाली सफ्टवेयर प्रयोगमा आएको देखिएन। खरिद गरिएका सफ्टवेयरहरु प्रयोगमा ल्याउनु पर्दछ।

| क्र.स. | सफ्टवेयरकोनाम | खरिदमिति | कम्पनी | खरिदमुल्य | खरिदआ.व. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Digital Citizen Charter | 2080-12-15 | INNOVATIVE MEDIA& MULTIPLE | 435000 | 2080/81 | संचालनमा रहेको |
| २ | Revenue Model | 2079-02-10 | Softech foundation | 496000 | 2079/80 | संचालनमा नरहेको |

१६.१७ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिकाको सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | २०७५।१२।११ | १ | २२०९६३ | बिग्रेको |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | २०७५।१२।११ | ४ | ८४८७६३ | |

१६.१८ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

१६.१९ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

१६.२० **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यस आ.व. मा २ पटक भएको देखियो।तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१६.२१ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार कृषितथा पशुपन्छी क्षेत्रकमा रु. २० लाख र शैक्षिक क्षेत्रमा रु. ३० लाख गरी कुल रु. ५० लाख अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

## १७ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण अनुसार रु.२ करोड ७५ लाख ३६ हजार ७४० संघ तथा प्रदेश अनुदान रकम खर्च हुन नसकी सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ।

| अनुदान | प्राप्त रकम | खर्चरकम | फिर्तागर्नुपर्ने | फिर्ताभएको |
|---|---|---|---|---|
| संघ शर्सत(चालु) | २११४७४०००. | १८४४१४६७४.४४ | २७०५९३२५.५६ | २७०५९३२५.५६ |
| संघ शर्सत(पुँजिगत) | ३५०००००. | ३३५८२०४. | १४१७९६. | १४१७९६. |
| संघ विशेष(पुँजिगत) | ६६९६९३५. | ६६००८७७. | ९६०५८.०० | ९६०५८.०० |
| संघ समपूरक(पुँजिगत) | ३७५००००. | ३६९६८१३. | ५३१८७.०० | ५३१८७.०० |
| प्रदेश शर्सत(चालु) | ५५००००. | ५३५१०६. | १४८९४.०० | १४८९४.०० |
| प्रदेश शर्सत(पुँजिगत) | ५८०००००. | ५६६४५१६. | १३५४८४. | १३५४८४. |
| प्रदेश विशेष(चालु) | ५३४५५५६. | ५३०९५६१. | ३५९९५.०० | ३५९९५.०० |
| प्रदेश समपूरक(पुँजिगत) | २०९४१२५. | २०९४१२५. | ० | ० |
| जम्मा | २३९२१०६१६ | २११६७३८७६ | २७५३६७४० | २७५३६७४० |

१८ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

१९ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· पालिकाले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन। पालिकाले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

२० **अनुगमन**

सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७९ तथा संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को क्रमस बुँदा नं. १२ र ११ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको

निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। कार्यविधिको कार्यान्वयन हुनुपर्दछ।

| **क्र स** | **स्रोत** | **सम्पन्न योजनाहरु** | **बजेट खर्च** |
|---|---|---|---|
| १ | प्रदेश समपुरक अनुदान | दिपुपिजास मन्दिरदेखि केदारगुफा सम्म पि सि सि बाटो निर्माण | ४१८८२५० |
| २ | संघ विशेष अनुदान | जोगेनी हिट्नया, खटाली लिफ्ट खानेपानी योजना | ६२४०८७७ |
| ३ | संघ समपुरक अनुदान | बसै ग्वानी सुनवाटा लिफ्ट सिंचाई योजना | ७०५४२२५ |

२१ **मध्यमकालीन खर्चसंरचना**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तीनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चको संरचना तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले आ.व. २०८०।८१ को बजेट तर्जुमाको बखत मध्यमकालिन खर्च संरचनामा तयार गरेको छैन। मध्यमकालिन खर्च संरचनामा तयार नगर्दा आवधिक योजना र बार्षिक बजेट बिच तादम्यता देखिदैन। पालिकाले आवधिक योजना र बार्षिक बजेटबिच तादम्यता कायम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालिन खर्च संरचाना तयार गरी कार्यान्वयन गर्नु पर्दछ।

२२ **अतिथि सत्कार खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष अतिथि सत्कारमा रु. ५ लाख ३ हजार खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आयको १०.७० प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रुपमा खर्च गर्ने व्यवस्था हुनु पर्दछ।

२३ **बैठकमा उपस्थित भएको समयावधिको दैनिक भ्रमण भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा कार्यापालिकाको बैठकमा उपस्थित भएको समयावधिमा समेत दैनिक भ्रमण भत्ता बापत रकम भुक्तानी लिएको रकम नियमानुसार एकिन गरी असुल गर्नुपर्ने रू.

| क्र.सं. | गो.भौ.नं./मिति | पदाधिकारीकोनाम | भ्रमणअवधि/भ्रमण गर्ने स्थान | कार्यापालिकाकोबैठक मिति | भुक्तानीरकम |
|---|---|---|---|---|---|
| १ | ६४/२०८०।०७।२४ | उपाध्यक्ष श्री मञ्जु महरा बोहरा | २०८०।०६।१४ देखि २०८०।०६।२० सम्म/ धनगढी | २०८०।०६।१८ | १२६५० |
| २ | १४५/२०८०।०८।१५ | वडा अध्यक्ष श्री भान बहादुर बोहरा (८ नं. वडा) | २०८०।०७।१८ देखि २०८०।०७।२४ सम्म/ डडेल्धुरा | २०८०।०७।२२ | ८५०० |
| जम्मा | | | | | २११५० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२६,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **१३,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,१५० |

२४ **गाडी भाडा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। यस आर्थिक वर्षमा पालिकाले कार्यालयको कामको लागि भनी विभिन्न गाडीहरु भाडामा लिई रू. २८,२३,३७२।- खर्च भुक्तानी गरेको छ। पालिकासँग एउटा चारपाङ्ग्रे गाडी भएको र सो गाडी मर्मत सम्भार हुन नसकि चालु अवस्था नरहेकोले गाडी भाडामा लिई खर्च लेखेको भन्ने पालिकाको भनाइ रहेको छ। कतिपय भाडा सम्झौतामा कार्यालय प्रयोजन मात्र उल्लेख गरेको तर कुन प्रयोजनको लागि गाडी प्रयोग भएको भन्ने कुरा उल्लेख नगरेको हुँदा खर्चको सदुपयोगमा सुनिश्चित हुन सकिदैंन। यसर्थ, पालिकाको आफ्नो सवारी साधनलाई मर्मत गरी सकेसम्म बाह्य गाडीहरु भाडामा नलिने र लिनै पर्ने अवस्थामा भाडामा लिँदा स्पष्ट प्रयोजन खुलाई सार्वजनिक कोषको खर्चमा अधिकतम मितव्यीतालाई समेत ध्यानमा राखी लिनुपर्दछ ।

२५ **दलित उत्थान तथा सिपमुलक आयआर्जन कार्यक्रम (पालिका पुँजीगत)** (५२/२०८१।०३।२४-):

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमबाट यस वर्ष पालिकाले सञ्चालित गरेका कार्यक्रमहरु निम्नानुसार छन।

| कार्यक्रम | सहभागि संख्या | खर्च भएको रकम |
|---|---|---|
| १ महिने स्वरोजगार ड्राइभिङ्ग ट्रेनिङ- उग्रतारा ड्राइभिङ ट्रेनिङ्ग सेन्टर | १६ जना | ६९७५३६ |
| हेयर कटिङ्ग सम्बन्धि सामाग्री वितरण | ८ जना | ९२४५२१ |
| आरन सम्बन्धि सामाग्री वितरण | २८ जना | |
| ग्यारेज सम्बन्धि सामाग्री वितरण | ३ जना | |
| जम्मा | | १६२२०५७ |

पालिकाले सहभागी र लाभग्राही वडा समितिले गरेको सिफारिसको आधारमा छनौट गरेको देखिन्छ। यसरी सहभागि तथा लाभग्राही छनौट गर्ने स्पष्ट र वस्तुनिष्ठ आधार रहेको देखिदैन। पालिकाले कार्यक्रममा सहभागि तथा लाभग्राही छनौट गर्दा स्पष्ट तथा बस्तुनिष्ठ आधार लिई पारदर्शी तरिकाले दोहोरो नपर्ने गरी छनौट गर्नुपर्दछ।

२६ **कार्यक्रम प्रभावकारिता**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको रकमको सही सदुपयोग भए नभएको एकीन गर्न रकम उपलब्ध गराउने निकायले समय समयमा अनुगमन तथा फलोअप गरी सार्वजनिक रकम सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ। यस आर्थिक वर्षमा पालिकाले देहायका कार्यक्रममा रकम उपलब्ध गराई रू.१०,६१,७६४।- खर्च लेखेको छ।

| गो.भौ.नं. | भुक्तानी रकम | कार्यक्रमको नाम | विवरण |
|---|---|---|---|
| ६१२/२०८१।०३।१८ | १७५००० | महिला लक्षित सिल प्लाष्टिक पोली हाउस निर्माण कार्यक्रम | - पालिकाको ६ नं. वडाले २८ थान सिल प्लाष्टिक पोली हाउस खरिद गरी विभिन्न २८ जना महिलालाई वितरण गरेको। |
| ६१७/२०८१।०३।१८ | ९०००० | वडाबाट पोली हाउस खरिद | - पालिकाको वडा नं. ५ ले १५ थान पोली हाउस खरिद गरी विभिन्न १५ जना व्यक्तिलाई वितरण गरेको। |
| ६१८/२०८१।०३।१८ | २००००० | बेमौसमी तरकारी बिउबिजन खरिद तथा वितरण | - विभिन्न तरकारीका विउ बिजन खरिद गरी कृषक तथा कृषि फर्ममा वितरण गरेको। |
| ६६६/२०८१।०३।२१ | १९९९७६ | वडाबाट पोली हाउस खरिद | - पालिकाको वडा नं. ८ ले ३४ थान पोली हाउस खरिद गरी विभिन्न ३४ जना व्यक्तिहरुलाई वितरण गरेको। |
| ६३१/२०८१।०३।१८ | २००००० | दलितलाई बाख्रा वितरण कार्यक्रम | - १२५०० का दरले १६ वटा बाख्रा खरिद गरी विभिन्न १६ जना व्यक्तिलाई वितरण गरेको भरपाइ पेश गरेको तर पूर्ण विवरण खुल्ने गरी नामनामेसी सहितको वितरण भरपाइ र फोटो नभएको।<br>- खरिद गरेका बाख्रा स्वस्थ भएको निरोगिताको प्रमाण कागजात नभएको। |
| ७०२/२०८१।०३।२२ | १९६७८८ | वडाबाट पोली हाउस खरिद, विउबिजन खरिद वितरण, फलफुल वितरण कार्यक्रम | - पालिकाको ८ नं. वडाले १७ थान प्लाष्टिक टनेल खरिद गरी विभिन्न १७ जनालाई वितरण गरेको<br>- विभिन्न ६० जना व्यक्तीलाई सुन्तला मौसमी कागती लगायतका फलफूलका बिरुवा वितरण गरेको<br>- विभिन्न १४ जना व्यक्तिलाइ तरकारीको बिउ वितरण गरेको। |
| जम्मा | १०६१७६४ | | |

पालिकाले अनुदान वितरणका लागि कृषक, कृषक समूह तथा फर्मको अद्यावधिक तथ्याङ्क, छनौटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान रकम वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको देखिएन। वास्तविक तथा प्राथमिकता प्राप्त कृषक समूह तथा फर्म लगायत लाभग्राहीले अनुदान पाएको, एकै समूह तथा फर्मले पटक-पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन।उल्लिखित कृषक समूह/फर्म/कृषकलाई वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा पालिकाले नियमित अनुगमन तथा फलोअप गरी उपलब्धी मापन गरेको देखिएन। जसबाट वितरित रकमको पूर्ण रुपले सदुपयोग भएको र संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नभएको भनी सुनिश्चित हुन सकिएन। यसर्थ, अनुगमन तथा फलोअपलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

२७ **आयुर्वेदिक तथा पशुपंक्षीको औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने आयुर्वेदिक औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी आपूर्ति तथा वितरणको व्यवस्थापन गर्नुपर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरण लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका आयुर्वेदिक तथा पशुपंक्षी औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यस वर्ष पालिकाले विभिन्न फर्म/सप्लायर्सबाट रु. ४,९९,९२५।- को आयुर्वेदिक औषधी र रू.८,४६,२११।– पशुपंक्षिको औषधी खरिद गरेको देखिन्छ। आपूर्तिकर्ताबाट आपूर्तिऔषधी वा अन्य सामानको Manufacture Date, Expiry Date, Batch no, Manufacture Company को नाम र सरकारबाट निःशुल्क वितरणको लागि भनि वाक्यांश उल्लेख गर्नु पर्नेमा सो गरेको पाइएन। आपूर्तिकर्ता बाट खरिद हुने औषधी तथा औषधी जन्य सामग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना वाँकी हुनु पर्दछ। तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा

उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेमा औषधीहरुको expiry date बिलमा वा लिष्टमा उल्लेख भएको पाइएन। पालिकाले खरिद गरेका आयुर्वेदिक तथा पशुपंक्षी औषधि भण्डार दाखिला गर्नुभन्दा पहिले अनिवार्य रुपमा inspection गरी Inspection report बनाउनुपर्नेमा सो नगरी भण्डार दाखिला गरेको पाइयो। अतः पालिकाले खरिद गरेको आयुर्वेदिक तथा पशुपंक्षी औषधीको म्याद चेक जाँच गरी भण्डारण एवं दाखिला गरी वितरण गरेको प्रमाण राख्नुपर्दछ। साथै पालिकाले आयुर्वेदिक तथा पशुपंक्षी औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी खरिदलाई व्यवस्थित बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

२८ **होडिङ्ग बोर्ड र डस्टविन खरिद (प्रदेश सरकारबाट हस्तान्तरित चालु)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरुबाट होडिङ्ग बोर्ड र डस्टविन खरिद गरी खर्च लेखेकोमा उल्लेखित सामाग्रीहरु जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न छैन। के कति परिमाणमा कहाँ खपत भयो सोको फोटो सहित प्रमाण पेश हुनुपर्ने रू.

| गो भौ नं/मिति | सप्लायर्सको नाम | खरिद गरिएको सामाग्री | खरिद भएको सामान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १६/२०८१।०३।०६ | सुधीर आर्ट सेन्टर | होडिङ्ग वोर्ड | १५ | २५४२५० |
| १८/२०८१।०३।०६ | अम्बिका ट्रेडर्स एण्ड सप्लायर्स | डस्टविन | १२५ | १४९५४३ |
| जम्मा | | | | ४०३७९३ |

| प्रमाण पेश नगरेको | ४,०३,७९३ |
|---|---|

२९ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार वढ्दै जाने देखिन्छ। अत: यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| **क्र.सं.** | **भौ.नं. / मिति** | **विवरण** | **भुक्तानी रकम रू.** |
|---|---|---|---|
| १ | २२३/२०८०।०९।२० | अस्थायी प्रहरी चौकी, ढोल्यामोड | २३६३७ |
| २ | २४५/२०८०।१२।०८ | अस्थायी प्रहरी पोष्ट, सतबाज | ४३०५० |
| ३ | २६५/२०८०।१२।१५ | प्रहरी चौकी, शंकरपुर | ११९१८ |
| ४ | २७१/२०८०।१२।१५ | प्रहरी चौकी रौलेश्वर | १५७६० |
| ५ | ३६१/२०८१।०१।२४ | प्रहरी चौकी रौलेश्वर | १२४११ |
| ६ | ७९५/२०८१।०३।२४ | प्रहरी चौकी रौलेश्वर | ११५०० |
| ७ | ८०१/२०८१।०३।२४ | प्रहरी चौकी शंकरपुर | १९१०० |
| ८ | १०१/२०८०।०८।१८ | नेपाल रेडक्रस सोसाइटी | २५००० |
| ९ | ५४२/२०८१।०३।०६ | गाउँपालिका राष्ट्रिय महासँघ नेपाल | ३०००० |
| जम्मा | | | १९२३७६ |

३० **वितरण भरपाई पेश नभएको (गरिबसँग विश्वेश्वर)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। गो.भौ.नं. १९/२०८१।०३।२१ बाट गरिबसँग विश्वेश्वर कार्यक्रमबाट माया प्रकाश एग्रोभेटबाट खरिद गरिएका १४ थान पोलिहाउस विरतणको भरपाई संलग्न नरहेकोले वितरण भरपाई पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९८,००० |

### ३१ प्राविधिक बिल, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। नमूना परीक्षणका क्रममा यस आर्थिक वर्षमा पालिकाले देहायको भुक्तानीमा प्राविधिक बिल, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन बेगर सडक मर्मत तथा सम्भारमा खर्च भएको भनि रू.३,९४,६०७।- भुक्तानी दिएको छ। जसले गर्दा कुन सडकखण्ड कहिले कति मात्रामा मर्मत सम्भार तथा सरसफाइ भयो भन्ने यकिन हुन सकिदैंन। नापी किताब, बिल भरपाई तथा कार्य सम्पन्न प्रतिवेदन बेगर दिएको भुक्तानी यथार्थ हो भन्न सकिने आधार देखिदैंन। यसर्थ, नापी किताब, प्राविधि बिल, भरपाइ, कार्यसम्पन्न प्रतिवेदन लगायतका खर्च पुष्टि गर्ने कागज प्रमाण पेश गर्नुपर्ने रू.

| क्र.सं. | गो.भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | ४९/२०८०।०७।२१ | प्रा.स. श्री नर बहादुर विष्ट | ११८४०६ | सडक सरसफाइमा खर्च भएको भनी ७४३ लिटर डिजेलको बिल राखि रकम भुक्तानी लिएको। |
| २ | १२६/२०८०।०८।२२ | वडा सचिव (६नं. वडा) श्री टंक प्रसाद अवस्थी | ५११४८ | सडक सरसफाइमा खर्च भएको भनी ३०० लिटर डिजेलको बिल राखि रकम भुक्तानी लिएको। |
| ३ | २८८/२०८०।१२।२० | फिल्ड सहायक श्री विनोद प्रसाद अवस्थी | ५७८८० | सडक सरसफाइमा खर्च भएको भनी ३३० लिटर डिजेलको बिल राखि रकम भुक्तानी लिएको। |
| ४ | २५२/२०८०।१२।१४ | रोजगार संयोजक श्री सुरेन्द्र सिंह धामी | १००००० | सडक सरसफाइमा प्रयोग भएको भनी ट्याक्टरको भाडा रकम भुक्तानी लिएको। |
| ५ | ४०३/२०८१।०२।०३ | प्रा.स. लोक बहादुर विष्ट | ६७१७३ | गाउँपालिकाको फिल्ड कटिङ्ग तथा बराबस पार्न खर्च भएको भनी ४८५ लिटर डिजेलको बिल पेश गरी रकम भुक्तानी लिएकोमा प्राविधिक नाँपजाँच गरेको नापी किताब, बिल भरपाइ लगायत खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने। |
| जम्मा | | | ३९४६०७ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९४,६०७ |

### ३२ दोहोरो गाडी रिर्जव

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार

भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम पालिकाका उपाध्यक्षलाई भुक्तानी गरेको दोहरो गाडी भाडा रकम यकिन गरी सुविधा उपभोग गर्ने पदाधिकारीबाट असुल गर्नुपर्ने रू.

| गो.भौ.नं./मिति | सुविधा उपभोग गर्ने पदाधिकारी | भुक्तानी रकम | गाडि रिर्जव मिति/ स्थान | कैफियत |
|---|---|---|---|---|
| २६८/२०८०।१२।१५ | उपाध्यक्ष श्री मञ्जु महरा बोहरा | ३०००० | २०८०।०८।२२ गते सुर्नया देखि धनगढी सम्म | यसमा पालिकाका उपाध्यक्षले २०८०।०८।२२ गते सुर्नया देखि धनगढी सम्म गएको र २०८०।०८।२४ धनगढीबाट सुर्नया आएको भनी रू. ३००००।– र पुन: २०८०।०८।२३ गते सुर्नया देखि धनगढी सम्म गएको र २०८०।०८।२५ धनगढीबाट सुर्नया आएको भनी भनी रू. ३००००।– गरी जम्मा रू. ६०,०००।– भुक्तानी लिएकोमा लगातार २ दिन सुर्नया देखि धनगढी गएको तथा लगातार २ दिन धनगढीबाट आएको भनी अस्वभाविक र दोहोरो पर्ने गरी लिएको गाडी भाडा एकिन गरी असुल गर्नुपर्ने । |
| | | ३०००० | २०८०।०८।२३ गते सुर्नया देखि धनगढी सम्म | |
| | | ३०००० | २०८०।०८।२४ गते धनगढी देखि सुर्नया सम्म | |
| | | ३०००० | २०८०।०८।२५ गते धनगढी देखि सुर्नया सम्म | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

३३ **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम खर्च पुष्टि गर्ने प्रमाण बेगर रु. २२,२३,३२३।- भुक्तानी गरेको छ। जसबाट सार्वजनिक कोषको सदुपयोग तथा खर्चको यथार्थता झल्किदैंन। यसर्थ, बिल भरपाई लगायत खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने रु.

| क्र.सं. | भौचर नं. | भुक्तानी प्राप्त कर्ताको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २९/२०८०।०६।२६ | महेश्वरी होटल | २२०६८० | सभा सञ्चालनमा खर्च भएको भनी होटलको बिल पेश गरी भुक्तानी भएको तर सभा सञ्चालन कहिले, कति दिन भएको भन्ने कागजात, उपस्थिति, खर्च तेरिज लगायतका खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने। |
| २ | ३७/२०८०।०६।३० | मणीलेक फेन्सी स्टोर | १४२३३ | कार्यालयले ३ थान ब्लाङ्केट, ३ थान तन्ना तथा २१ थान कपडा खरिद गरेको तर प्रयोजन तथा खर्च पुष्टि गर्ने कागजात पेश नगरेकोले खर्च पुष्टि हुने कागज प्रमाण, भरपाई पेश गर्नुपर्ने। |
| ३ | ७३/२०८०।०७।२४ | डेभिड एजुकेशन एण्ड | ५०००० | नमुना सिकाई सुधार कक्षा सञ्चालन गरे बापत रकम भुक्तानी गरेको मा बिल भरपाई पेश नभएकोले बिल भरपाई पेश गर्नुपर्ने। |
| ४ | १२९/२०८०।०८।२२ | लुम्बिनी एग्रोभेट एण्ड सप्लायर्स | १४७७५० | प्लाष्टिक टनेल १६ थान र थोपा सिंचाई १८ थान खरिद गरी रकम भुक्तानी गरेकोमा उल्लिखित सामग्रीको माग, प्रयोजन, वितरण भरपाई, सक्कल बिल, वितरण फोटो लगायत खर्च पुष्टि गर्ने कुनै आधार पेश नगरेकोले खर्च पुष्टि बिल भरपाई लगायतका प्रमाण पेश गर्नुपर्ने। |
| ५ | १८४/२०८०।०९।२० | श्री शंकर संकृत मा.वि., मुल खटाली | १२५००० | शिक्षण सिकाइ कार्यक्रमको लागि शैक्षिक सामग्री व्यवस्थापनको लागि रकम भुक्तानी दिएकोमा खर्च पुष्टि गर्ने बिल, भरपाई समेतका कागजात पेश गर्नुपर्ने। |
| ६ | २३०/२०८०।१२।०७ | रेडियो निङ्गलासैनी | १७०००० | रेडियो निङ्गलासैनी ९४ मेघाहर्जलाई सूचना सन्देश प्रसारण तथा कार्यक्रम उत्पादन गरे बापत भुक्तानी गरेकोमा के कस्तो सूचना सन्देश कति अवधिको लागि प्रसारण भएको तथा कुन कार्यक्रम उत्पादन गरेको हो भन्ने व्यहोरा खुल्ने कुनै कागज प्रमाण लगायत खर्च पुष्टि हुने आधार पेश गरेको छैन। प्रसारण तालिका, रेडियो जिङ्गल, उत्पादन कार्यक्रमको अडियो समेतका खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने। |
| ७ | २३२/२०८०।१२।०८ | सामाजिक परिचालक (वडा नं. ५) कृष्ण बहादुर मडै | १५११४५ | भलिबल ड्रेस ११ थान, ११ थान ट्र्याकको वितरण भरपाई पेश नभएको साथै चित्रकला, तीज तथा भलिबल कार्यक्रम भनी खर्च भुक्तानी भएकोमा कुन कार्यक्रममा कति खर्च भयो भन्ने खर्च तेरिज सहित कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने। |
| ८ | २५१/२०८०।१२।१४ | नेपाल विद्युत प्राधिकरण, बैतडी | २००००० | कुन अवधिको, कुन कुन विद्युत मिटर तथा ग्राहकको कति युनिटको रकम भुक्तानी गरिएको भन्ने विवरण सहित विद्युत प्राधिकरणबाट जारी नगदी रसिद/बिल पेश गर्नुपर्ने। |
| ९ | ३६४/२०८१।०१।२५ | नेपाल विद्युत प्राधिकरण, बैतडी | १५०००० | कुन अवधिको, कुन कुन विद्युत मिटर तथा ग्राहकको कति युनिटको रकम भुक्तानी गरिएको भन्ने विवरण सहित विद्युत प्राधिकरणबाट जारी नगदी रसिद/बिल पेश गर्नुपर्ने। |
| १० | ३०२/२०८०।१२।२२ | वडा सचिव (वडा नं. ३) लक्ष्मी कुमारी भट्ट | २२२०० | २ थान झोला, ८ थान टिसर्ट र ८ थान ट्र्याकसुटको प्रयोजन तथा वितरण भरपाई लगायत खर्च पुष्टि गर्ने कागज प्रमाण पेश गर्नुपर्ने। |
| ११ | ४२९/२०८१।०२।२० | वडा सचिव(८ नं. | २९४६५ | हरितालिका तीज तथा नारि दिवस मनाएको भनी बिल पेश गरी खर्च भुक्तानी दिएकोमा खर्च तेरिजसहित कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | | वडा) श्री तारा भण्डारी | | |
| १२ | ६१२/२०८१।०३।१८ | वडा सचिव (६ नं. वडा) श्री टंक प्रसाद अवस्थी | ९९८२० | - तीज लक्षित कार्यक्रममा ३ थान ट्रोली स्पीकर रु. ६८,९८५।– मा खरिद गरी विभिन्न शिक्षिका तथा वडा सदस्यलाई वितरण गरेकोले सार्वजनिक सम्पत्ति वडा कार्यालयमा जिन्सी दाखिला गरी राख्नुपर्नेमा वितरण गरेकोले निजहरुबाट फिर्ता ल्याई वडा कार्यालयमा खर्च भएर नजाने जिन्सी खातामा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने।<br>- बालबालिका लक्षित कार्यक्रमको लागि भनी झालर, पर्दा लगायतका सामग्रीहरु रु. ३०८३५।– मा खरिद गरी रकम भुक्तानी लिएकोमा सोको प्रयोजन खुलाई जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुर्ने। |
| १३ | ६३५/२०८१।०३।१९ | रौलेश्वर स्वास्थ्य चौकी प्रमुख श्री नरेश बहादुर मडै | १९६८७६ | - बर्थिङ्ग सेन्टरमा आवश्यक पर्ने विभिन्न सामग्रीहरुको खरिद गरेकोमा ओम शिवम सर्जिकल एण्ड सप्लायर्सको बिल पेश गरी आफ्नो नाममा भुक्तानी लिएकोमा सर्जिकल तथा बर्थिङ्ग सेन्टरमा आवश्यक पर्ने सामग्रीहरुकोउल्लिखित सामग्रीहरु बर्थिङ्ग सेन्टरमा जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने |
| १४ | ६५०/२०८१।०३।२० | वडा सचिव (७ नं. वडा) श्री राम बहादुर विष्ट | १०००० | - बालबालिका लक्षित कार्यक्रम अन्तर्गत वडा नं. ७ का विभिन्न ५ विद्यालयहरुलाई डिजे खरिद गरी वितरण गरेकोमा बालबालिका लक्षित कार्यक्रमबाट विद्यालयलाई डिजे खरिद गरि दिनुपर्ने आधार कारण खुलाउनुका साथै सम्बन्धित विद्यालयले उक्त डिजे माग गरेको माग फारम र दाखिला गरेको दाखिला प्रतिवेदन पेश गर्नुपर्ने। |
| १५ | ७१५/२०८१।०३।१३ | सामाजिक परिचालक (८ नं. वडा) कुमारी हिरा भट्ट | ४३९१५४ | - जेष्ठ नागरिक सम्मान कार्यक्रममा ६० पीस थर्मस खरिद गरी भुक्तानी लिएकोमा वितरण भरपाइमा सम्मान गरिएका सम्पूर्ण जेष्ठ नागरिकको नामनामेसी वतन र परिचय खुल्ने कागज समेत राखी वितरण गरेको भरपाई, फोटो लगायत खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने।<br><br>- ५ थान ह्वाइट बोर्ड, १ थान स्पीकर , १ सेट डग्गा तबला, भलिबल, भलिबल नेट, मादल, भाला, सटपुट, ब्याटमिन्टन सेट र नेट जाली लगायतका खेलकुद सामग्रीहरु खरिद गरेकोमा माग फारम, खरिद आदेश, प्रयोजन तथा वितरण भरपाई, फोटो लगायत खर्च पुष्टि गर्ने आधार पेश गर्नुपर्ने।<br>- २० थान सुपर पोलिन लगायतका खरिद गरेका कृषि सामग्रीहरु तथा पशु औषधीको वितरण भरपाई, फोटो, माग फारम, खरिद आदेश लगायत खर्च पुष्टि गर्ने आधार प्रमाण पेश गर्नुपर्ने। |
| १६ | ८०५/२०८१।०३।२४ | खेल व्यवस्थापक केशब बहादुर विष्ट | १९७००० | - ३५ सेट ट्रयाकसुटको वितरण भरपाई पेश गर्नुपर्ने<br>- गाउँपालिका अन्तर्गत महिला र पुरुष भलिबल प्रतियोगिता गराएको, खर्च तेरिज, उपस्थिति तथा कार्यक्रम सम्पन्न प्रतिवेदन लगायत खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने। |
| जम्मा | | | २२,२३,३२३ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,२३,३२३ |

३४ **वितरणमुखी खर्च (गा.पा. पुँजीगत)** (२३४ -२०८१-३-२४):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ। वडा नं. ८ वडा समितिको निर्णयबाट पालिकाले यस वर्ष विद्युत जडान भएका २६२ घरधुरीमा विद्युत मिटर जडानको बिलको आधारमा रू. ७,३५,११९।- अनुदान खर्च लेखेको छ। अनुदान सहायता उपलब्ध गराउँदा निश्चित मापदण्ड र कार्यविधि बनाई सहायता उपलब्ध गराउनुपर्नेमा कुनै आधार, कार्यविधि तथा मापदण्ड बनाएको देखिंदैन। जडान भैसकेको विद्युत मिटरको लागत स्वयम् लाभग्राहीले अग्रीम भुक्तानी गरिसक्ने तथा

प्रति मिटर जडान लागत औषतमा रू. २,८०६।- मात्र लागेको देखिन्छ। साथै विद्युत मिटरको लागत अनुदान प्राप्त गर्ने सम्पूर्ण लाभग्राहीहरु समान आर्थिक अवस्थाका हुन भन्न सकिने आधार समेत देखिदैंन। यस प्रकारको वस्तुनिष्ठ, मापदण्ड र कार्यविधि बेगर वडाको निर्णयको आधारमा गरिएको वितरणमुखी खर्चले स्थानीय पूर्वाधार विकास, दीर्घकालीन पुँजी निर्माण तथा वास्तविक सामाजिक न्याय कायम हुने देखिदैंन। यसर्थ, निश्चित मापदण्ड तथा कार्यविधि बिना भएको वितरणमुखी खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ७,३५,११९ |

३५ **पान बिलमा कारोबार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले बीस हजार रुपैयाँ भन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। नमूना परीक्षणका क्रममा पालिकाले यस आर्थिक वर्षमा देहायका फर्म/सप्लायर्सबाट PAN Bill मा बीस हजार भन्दा बढीको कारोबार गरी रू. ८४४५३२।- भुक्तानी गरेको छ। आधिकारिक इन्धन आपूर्तिकर्ता पालिका भन्दा टाढा रहेकोले आधिकारिक नभई अन्य सप्लायर्सबाट इन्धन खरिद गर्दा PAN Bill मा कारोबार गरेको भन्ने पालिकाको भनाई रहेको छ। पालिकाले नियमावलीको व्यवस्था बमोजिम २० हजार भन्दा बढीको कारोबार मूल्य अभिवृद्धि कर दर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| गो.भौ.नं./मिति | सप्लायर्स/फर्म | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १२७/२०८०।०८।२२ | लविशा होटल एण्ड लज | ४१६५० | वडा नं. ४ का वडा सचिव दान सिंह विष्टले विविध खर्च शीर्षकमा भुक्तानी लिंदा पेश गरेको बिलहरु। |
| | रुपाल जनरल स्टोर | २०४९० | |
| ३००/२०८०।१२।२२ | उदयदेव किराना पसल | १०९१०० | टंक प्रसाव अवस्थीले ६ नं. वडा कार्यालयको विवध खर्च शीर्षकमा बिल पेश गरी रकम भुक्तानी लिएको। |
| | चाँदनी किराना नास्ता पसल | ५१००० | |
| ३८४/२०८१।०१।२७ | पञ्चदेव जनरल स्टोर | २४९९५ | विविध सामग्री खरिद गरी भुक्तानी गरेको। |
| ६९८/२०८१।०३।२२ | महादेव राताशिला इन्टरप्राइजेज | ४४९५० | आधिकारिक इन्धन आपूर्तिकर्ता पालिका भन्दा टाढा रहेकोले आधिकारिक नभई अन्य सप्लायर्सबाट इन्धन खरिद गरेको भन्ने पालिकाको भनाइ रहेको र आधिकारीक इन्धन आपूर्तिकर्ताबाट नभइ अन्य सप्लायर्सबाट इन्धन खरिद गरी भुक्तानी गरेको। |
| ३१/२०८०।०६।२६ | महादेव राताशिला इन्टरप्राइजेज | १८८४६५ | |
| २३१/२०८०।१२।०८ | महादेव राताशिला इन्टरप्राइजेज | १२५४०० | |
| ३८६/२०८१।०१।२७ | महादेव राताशिला इन्टरप्राइजेज | १२१२८८ | |
| ५४४/२०८१।०३।०६ | महादेव राताशिला इन्टरप्राइजेज | ७९१९४ | |
| २४८/२०८०।१२।१२ | न्यू बासुलिङ्ग टेडर्स एण्ड सप्लायर्स | ३८००० | वडा नं. २ का वडा सचिव विरेन्द्र सिंह विष्टले इन्धन खर्च भुक्तानी लिंदा पेट्रोल खरिद गरेको बिल पेश गरेको। |
| जम्मा | | ८४४५३२ | |

## ३६ असुल गर्नुपर्ने

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम नियम बिपरित भुक्तानी दिएको रकम एकिन गरी असुल गर्नुपर्ने रू.

| क्र.सं. | गो.भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | असुल गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ४०/२०८०। ०६।३० | एमआइएस अपरेटर श्री खेमराज अवस्थी | ३३०० | भ्रमण खर्च नियमावली, २०६४ को नियम १० मा सरुवा बढुवा वा कायम मुकायम मुकरर भई जाने पदाधिकारी वा कर्मचारीले फुटकर खर्च एकमुष्ट दुई हजार पाउने व्यवस्था भएकोमा निज एमआइएस अपरेटरले कार्यालयको कामको सिलसिलामा काठमाडौं जाँदा फूटकर खर्च भनी रू.३३०० भुक्तानी लिएको रकम असुल गरी दाखिला गर्नुपर्ने। |
| २ | १७०/२०८०। ०९।०६ | वडा सचिव(४ नं. वडा) श्री दान सिंह विष्ट | ४०२०० | ३९० लिटर पेट्रोलको बिल पेश गरी रकम भुक्तान लिएकोमा पदाधिकारी इन्धन सुविधा वापत वडा नं. ४ को लागि पदाधिकारीले प्रयोग गर्न पाउने श्रावण देखि पौष सम्मको ६ महिनाको १५० लिटर इन्धनको रकम भुक्तानी हुनुपर्नेमा ३९० लिटर इन्धनको रकम भुक्तानी भएकोले बढी इन्धन सुविधा बापतको २४० लिटर पेट्रोलको रकम असुल गर्नुपर्ने। |
| ३ | २४८/२०८०। १२।१२ | वडा सचिव(२ नं. वडा) श्री बिरेन्द्र सिंह ऐरी | १४००० | वडा सचिव आफैले गाडी भाडा सम्झौता गरी प्रयोजन समेत नखुलाई गाडी भाडाबापत सम्झौता राखी भुक्तानी लिएको हुँदा आर्थिक भार पर्ने सम्झौता आफै गरी गाडी भाडामा लिएको रकम एकिन गरी असुल गर्नुपर्ने। |
| ४ | ४०३/२०८१। ०२।०३ | प्रा.स. लोक बहादुर विष्ट | २९०८३ | १५७ लिटर पेट्रोलको बिल राखी भुक्तानी दिएकोमा सो इन्धनको सार्वजनिक उपयोगिता तथा प्रयोजन खुल्ने आधार बेगर भुक्तानी दिएको हुँदा रकम एकिन गरी असुल गर्नुपर्ने। |
| ५ | ५९७/२०८१। ०३।१६ | सामाजिक परिचालक श्री महानन्द जोशी | ३५५११ | २२० लिटर पेट्रोलको बिल राखी भुक्तानी दिएकोमा सो इन्धनको सार्वजनिक उपयोगिता तथा प्रयोजन खुल्ने आधार बेगर भुक्तानी दिएको हुँदा रकम एकिन गरी असुल गर्नुपर्ने। |
| ६ | ७५८/२०८१। ०३।२४ | नेपाल पत्रकार महासंघ | ४२५०० | नेपाल खेलकुल महासंघको निवेदन र कागजात संलग्न राखी नेपाल पत्रकार महासंघलाई भुक्तानी दिएको रकम असुल गर्नुपर्ने। |
| जम्मा | | | १६४५९४ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,५९४ |

३७ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने व्यवस्था छ। पालिकाले उल्लेखित पदहरुमा बाहेक इञ्जिनियर, अधिकृत छैठौँ, सहायक पाँचौ, सहायक चौथो लगायत २४ जना कर्मचारीहरु करारमा नियुक्त गरी तलव भत्ता रू. ७३,९३,४४९।- भुक्तानी गरेको पाइयो। पालिकाले ऐनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

३८ **क्याम्पसलाई रकम भुक्तानी**

नेपालको संविधानको धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची- ८ मा उल्लेखित विषयमा निहित रहने उल्लेख छ। यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगर सभाले बनाएको कानून बमोजम हुने उल्लेख छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहलाई संविधानको अनुसूची-८ बमोजिम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र

माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ। उक्त दफा बमोजम स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, सञ्चालन र व्यवस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ। पालिकाले गो.भौ.नं. ४९१/२०८१।०२। २८ बाट रौलाकेदार बहुमुखी क्याम्पसलाई उच्च शिक्षा गुणस्तर सुधार तथा क्याम्पसको व्यवस्थापनार्थ राजस्व बाँडफाट शीर्षकबाट रू.३,९८,५९१।- भुक्तानी दिएको छ। उक्त कार्य पालिकाको कार्य क्षेत्र भित्र पर्ने नदेखिएकोले यस्तो खर्चमा सुधार हुनुपर्दछ।

३९ **जरिवाना(सवारी बीमा तथा नवीकरण)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।यस वर्ष पालिकाले सवारी साधनको बीमा तथा नवीकरण समयमै गर्नुपर्नेमा ढिलो गरि बीमा तथा नवीकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. ६९६/२०८१।०३।२२ बाट ढिलो गरि बीमा तथा नवीकरण गरी जम्मा रू. ४,४१,३५०।- भुक्तानी गरेकोले जरिवाना स्वरूप रू. ९७,३००।- भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ९७,३०० |

४० **वैदेशिक भ्रमण(पदाधिकारी)**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।६।५ को निर्णयले स्थानीय तहका पदाधिकारीको विदेश भ्रमण सम्वन्धी निर्देशिका, २०७५ जारी गरेको छ। उक्त निर्देशिकाको निर्दशिका नं. ४(क) मा पदाधिकारीको विदेश भ्रमण गर्दा जिल्ला समन्वय समितिका प्रमुख र महानगरपालिकाका प्रमुखको हकमा नेपाल सरकार र निर्दशिका नं. ४(ख) मा खण्ड (क) मा उल्लेख भएका बाहेक अन्य पदाधिकारीको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले विदेश भ्रमणको मनोनयन गर्ने अधिकार रहेको छ। सोही निर्देशिकाको निर्देशिका नं. ५(१) मा कुनै विदेशी मुलुक वा सरकार र त्यसको कुनै निकाय, अन्तर्राष्ट्रिय सङ्गठन, दातृ निकाय, विकास साझेदार र स्थानीय तहले सम्बन्ध स्थापित गरेको भगिनी शहर वा विदेश स्थित गैर आवासीय नेपालीहरुको संस्थावाट प्राप्त निमन्त्रणलाई मात्र मन्त्रालयले कारवाही गर्ने व्यवस्था छ। यस्ता संस्थाहरुबाट पदाधिकारीहरुलाई आमन्त्रण गर्दा अर्थ मन्त्रालय वा परराष्ट्र मन्त्रालय वा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत मात्र गर्नु पर्ने व्यवस्था र ५(२)मा आयोजकले आंशिक खर्च व्यहोर्ने गरी आमन्त्रण गरेको र बौकी खर्च स्थानीय तहले व्यहोर्नु पर्ने भएमा सो वापतको रकम सम्बन्धित स्थानीय तहको चालू आ.व.को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रमको सम्बन्धित शीर्षकमा रकम विनियोजन भएको हुनुपर्ने व्यवस्था समेत रहेको छ। पालिकाले यस आर्थिक वर्षमा आकस्मिक कोष शीर्षकबाट गो.भौ.नं. ७८४/२०८१।०३।२४ बाट पालिकाका अध्यक्ष र उपाध्यक्षलाई चीनको छेङ्दु प्रान्तमा भ्रमण गएको टिकट बिल भरपाई समेतका कागजात पेश गरी भ्रमण खर्च वापत रु. ८,७६,६४०।- भुक्तानी दिएको छ। निर्देशिका बमोजिम पालिकाका पदाधिकारीले विदेश भ्रमण गर्दा मनोनयन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले गर्नुपर्नेमा पालिकाका पदाधिकारीलाई मनोनयन गरेको कागज प्रमाण देखिदैंन। पालिकालाई आर्थिक भार पर्ने गरी आफूखुशी विदेश भ्रमण गर्दा एकातिर भ्रमणको उपयोगिता, आवश्यकता, स्थानीय तहको सामाजिक, सांस्कृतिक, विकास, सेवा प्रवाह तथा अन्य विविध क्षेत्रमा सकरात्मक प्रभाव पर्ने तथा स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयनको प्रभावकारीता अभिवृद्धि गर्न सहयोग पुग्ने सम्बन्धमा सुनिश्चित हुन सकिदैन भने अर्को तर्फ निर्देशिका विपरित भ्रमण गर्दा अवसरको समन्यायिक वितरणमा सहयोग समेत पुग्ने देखिदैंन। अत: विदेश भ्रमणमा जाँदा भ्रमण आदेश समेत निर्देशिका विपरित आफै स्वीकृत गरी पालिकाको आकस्मिक कोषबाट दैनिक भ्रमण खर्च वापत भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ८,७६,६४० |

४१ **मर्मतआदेश**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ५६ को उपनियम २ मा महालेखा नियन्त्रक कार्यालयले कुनै निश्चित कारोबारको सम्बन्धमा लेखाको छुट्टै लेखा राख्ने गरी तोक्न सक्ने व्यवस्था छ। सवारी साधन तथा अन्य मेसिनरी औजार मर्मत गर्दा म.ले.प. फारम नं. ४१४ बमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्बन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्बन्धी अभिलेख म.ले.प. फारम नं. ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नुपर्दछ। केही उदाहरणको रुपमा पालिकाले

देहायको भुक्तानीमा मर्मत आदेश बेगर मर्मत गरेको देखिन्छ। तोकिए बमोजिमको ढाँचामा मर्मत आदेश स्वीकृत गरेर मात्र मर्मत गरी मर्मत अभिलेख राख्नुपर्दछ।

| गो.भौ.नं./मिति | भुक्तानी प्राप्त गर्ने | भुक्तानी रकम रू. |
|---|---|---|
| ४३/२०८०।०७।०३ | सिंह देवी अटो सेन्टर | २६८९०७ |
| ७२/२०८०।०७।२४ | चौधरी वर्कसप सेन्टर | २४९०० |
| ७६/२०८०।०७।२४ | सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाडौं | २६३६५२ |
| १३४/२०८०।०८।२४ | नवल अटो पार्टस धनगढी | १४०२८९ |
| १३७/२०८०।०८।२४ | वडा अध्यक्ष(६ नं. वडा) श्री मदनराज अवस्थी | २७४०० |
| २४८/२०८०।१२।१२ | वडा सचिव(२ नं. वडा) श्री बिरेन्द्र सिंह ऐरी | ३८४०० |
| २६७/२०८०१२।१५ | साउँद अटोमोटिभ्स अमरगढी | ३२२२३ |
| ३३२/२०८१।०१।०७ | वडा सचिव(४ नं. वडा) श्री दान सिंह विष्ट | ४५३८८ |
| ३३४/२०८१।०१।०७ | न्यू गणेश पुस्तक पसल | ४४६४४ |
| ३९१/२०८१।०२।०२ | नवल अटो पार्टस | ७५८७९ |
| ४०३/२०८१।०२।०३ | प्रा.स. लोक बहादुर विष्ट | ४८२८९ |
| ४२९/२०८१।०२।२० | नवल अटो पार्टस | ७४५७३ |
| ७६६/२०८१।०३।२४ | स्ट्यान्डर्स अर्थ मुभर्स धनगढी | १२८०५० |

## ४२ फस्र्यौट गर्न बाँकी आन्तरिक लेखापरीक्षणको व्यहोरा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ८५(१) मा कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको कैफियत अन्तिम लेखापरीक्षण हुनु अगावै फस्र्यौट गर्नु, गराउनु पर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षणले औंल्याएका देहायका बेरुजु अन्तिम लेखापरीक्षण अवधि सम्म पनि फस्र्यौट भएको देखिएन। अतः पालिकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको बेरुजु फस्र्यौट गर्नुपर्दछ।

<table>
<tr><th>व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td>गाउँपालिका चालु</td><td>भ्रमण बापतको भुक्तानी दिंदा स्थानीय भत्ता कट्टी नगरि भुक्तानी दिएको, फुटकर खर्च राखेको, मोटरसाइकल प्रयोग गरि सो का लागि ईन्धन लगेको साथै वडाको भ्रमणमा यातायात खर्च समेत राखी भुक्तानी लगेको जुन नियम संगत नरहेकोले देहाएका कर्मचारीहरुबाट देहाएको रकम असुल उपर गर्नुपर्ने रू.
<table>
<tr><th>क्र.सं.</th><th>नाम</th><th>भौचर नं.</th><th>स्थानीय भत्ता</th><th>यातायात</th><th>फूटकर खर्च</th><th>जम्मा असुल गर्नुपर्ने रू.</th></tr>
<tr><td>१</td><td>विनोद प्रसाद अवस्थी</td><td>२६०,४३२</td><td>११०४</td><td>२३००</td><td>०</td><td>३४०४</td></tr>
<tr><td>2</td><td>लोक बहादुर विष्ट</td><td>२८४</td><td>४४९४</td><td>०</td><td>०</td><td>४४९४</td></tr>
<tr><td>3</td><td>हर्ष बहादुर रोका</td><td>४०५</td><td>१९६५</td><td>०</td><td>०</td><td>१९६५</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>9863</td></tr>
</table>
</td></tr>
</table>

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **३,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,८६३ |

४३ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुचि- १ मा व्यवस्था गरेको छ। उक्त अनुसुचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाप खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्न सकिने व्यवस्था छ। सो अनुरुप निर्माणकार्यको लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। यो बर्ष पालिकाले सञ्चालित आयोजनाबाट कन्टिन्जेन्सी खर्च गरेकोमा सोको अभिलेख राखेको छैन। महालेखानियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तै: गाडी/मोटरसाइकल मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता र चियाखाजा खर्च जस्ता कार्यमा गरेको खर्च समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन। पालिकाले कन्टिन्जेन्सी खर्चको विवरण अद्यावधिक राख्नुको साथै योजनाअनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापीकिताबमा प्रविष्टी गर्नु पर्दछ।

४४ **नियम पालन नगरी विज्ञापन खर्च**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मासरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहितएजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। यस पालिकाबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहितएजेन्सीको सेवा शुल्क खुल्ने बिलकोआधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। पालिकाबाट विज्ञापनबापत भुक्तानी गर्दा उल्लिखित व्यहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम विज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

| गो.भौ. नं./मिति | मिडिया/एजेन्सीको नाम | भुक्तानी रकम(मु.अ. कर) | विज्ञापन वोर्डमा पठाउनु पर्ने रकम ३ प्रतिशत(मु अ कर बाहेक) |
|---|---|---|---|
| १८/२०८१।१।२७ (गा.पा. पुँजीगत) | आगन भिडिया प्रा.लि. (सूचना प्रकाशन) | ६७२३५ | १७८५ |
| ३१०/२०८०।१२।१३ (गा.पा. चालु) | आगन भिडिया प्रा.लि. (सूचना प्रकाशन) | ४७४६७८ | १२६०२ |
| जम्मा | | ५४१९१३ | १४३८७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,३८७ |

४५ **इन्धन तथा मर्मत खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकामा रहेका सवारी साधन मर्मतमा यस वर्ष रु.१९७३७४४.०० र इन्धनमा कर्मचारीको लागि रु.४००००.०० र कार्यालय प्रयोजनमा रू.२००००००.००, पदाधिकरीको लागि रू.३५००००.०० र सार्वजनिक निर्माणमा रु. ९९८१४२.०० गरी रू. ५७२१८८६.०० इन्धन तथा मर्मतमा खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन तथा मर्मत खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

४६ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा स्वीकृत शिर्षकमा भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र रहि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न बमोजिम कार्यक्रम तथा शिर्षकमा भएको बजेट फरक कार्यक्रममा खर्च गरेको छ। यसरी शीर्षक फरक पारि गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| क्र. स. | गो.भौ.नं. र मिति | बजेट खर्च शीर्षक | खर्च भएको शीर्षक | रकम |
|---|---|---|---|---|
| १. | १४८, २०८१/२/३ | स्वास्थ्य तलब भत्ता शीर्षक | गाडी भाडा | १६०००० |
| २. | १७६, २०८१/२/२७ | स्वास्थ्य तलब भत्ता शीर्षक | भ्रमण खर्च | ५३०४५ |
| ३. | ३५३, २०८१/३/२४ | स्वास्थ्य तलब भत्ता शीर्षक | बैठक भत्ता | ७१६५०० |
| ४. | ३५२, २०८१/३/२४ | स्वास्थ्य तलब भत्ता शीर्षक | भ्रमण खर्च | ८००००० |
| ५. | १५१, २०८१/२/१३ | शिक्षक तलब भत्ता शीर्षक | बैठक भत्ता | ९९००० |
| **जम्मा रकम** | | | | **१८२८५४५** |

| अनियमित भएको | १८,२८,५४५ |
|---|---|

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ८ वडामा सूचिकृत ४९०४ बेरोजगार मध्ये ९७ जनालाई औसत १०० दिनले ९७०० दिन रोजगारी उपलव्ध गराई रु ६४७९६०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। टुक्रे योजना बनाइ एउटा योजनामा १ जना कामदार हुने गरि समेत कतिपय योजनामा रकम विनियोजन गरिएको पाइयो। योजनामा रकम विनियोजन गर्दा आवश्यकताको पहिचान गरि उपलब्धि हुने खालका योजना निर्माण गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। अत्यन्तै थोरै संख्या वर्षको करिब १.९८ प्रतिशत मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन।रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

| वडा नं. | सुचिकृत बेरोजगार संख्या | रोजगार संख्या | रोजगार प्राप्त गरेको दिन | प्रति व्यक्ति रोजगार प्राप्त गरेको दिन | कुल खर्च | प्रति व्यक्ति औषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | २४५ | ९ | ९०० | १०० | ६०१२०० | ६६८०० | ३.६७ |
| २ | ७७५ | १३ | १३०० | १०० | ८६८४०० | ६६८०० | १.६८ |
| ३ | ६२१ | १२ | १२०० | १०० | ८०१६०० | ६६८०० | १.९३ |
| ४ | ७०२ | १३ | १३०० | १०० | ८६८४०० | ६६८०० | १.८५ |
| ५ | ४५२ | १३ | १३०० | १०० | ८६८४०० | ६६८०० | १.२५ |
| ६ | ६२९ | १२ | १२०० | १०० | ८०१६०० | ६६८०० | २.८७ |
| ७ | ६३९ | १२ | १२०० | १०० | ८०१६०० | ६६८०० | १.८८ |
| ८ | ८४१ | १३ | १३०० | १०० | ८६८४०० | ६६८०० | १.५५ |
| **जम्मा** | **४९०४** | **९७** | **९७००** | **१००** | **६४७९६००** | **६६८००** | **१.९८** |

४८ **स्थानीय भत्ता**

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७४/१/२१ को निर्णय अनुसार दरबन्दी भित्रका करार कर्मचारीहरुलाई दिने सुविधा सम्बन्धी मिति २०७४/१/२५ को पत्राचारमा करार कर्मचारीहरुको सेवा सुविधामा स्थानीय भत्ता उल्लेख नभएकोले करार कर्मचारीहरुलाई महंगी भत्ता र स्थानीय भत्ता उपलब्ध गराउन नमिल्ने देखिन्छ। पालिकाले करारमा नियुक्ति भएका तपसिलका कर्मचारीहरुलाई स्थानीय तथा महंगी भत्ता रु. १३७८८० भुक्तानी दिएको देखिन्छ। पालिकाले करारका कर्मचारीलाई भुक्तानी दिएको स्थानीय भत्ता असुल गर्नुपर्ने रु.

| क्र स | कर्मचारीको नाम थर | कर्मचारीको पद | स्थानीय भत्ता | वार्षिक |
|---|---|---|---|---|
| १. | जयराज पाण्डेय | लद्यु उद्यम सहायक | २७६० | ३३१२० |
| २. | धर्म सिंह मडै | लद्यु उद्यम सहायक | २७६० | ३३१२० |
| ३. | खेमराज अवस्थी | एम.आइ.एस अपरेटर | ३२१० | ३८५२० |
| ४. | विनोद प्रसाद अवस्थी | फिल्ड सहायक | २७६० | ३३१२० |
| **जम्मा रकम** | | | | **१३७८८०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३७,८८० |

४९ **स्थानीय भत्ता र फुटकर खर्च भुक्तानी**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १० मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट बीस किलोमिटरभन्दा बढी दूरी भएको अर्को कार्यालयमा सरुवा बढुवा वा कायम मुकायम मुकरर भई जाने पदाधिकारी वा कर्मचारीले फुटकर खर्च एकमुष्ट दुई हजार पाउने व्यवस्था रहेको छ। त्यसैगरि भ्रमण खर्च नियमावली, २०६४ को नियम १० को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालीम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था गरेको छ। पालिकाका देहायका कर्मचारीले भ्रमणमा रहदा तपसिलको स्थानीय भत्ता, फुटकर खर्च तथा भ्रमणमा रहदा सरकारी मोटरसाइकल प्रयोग भएकोमा यातायात खर्च वापत लिएको रकम कर्मचारीबाट असुलउपर गर्नुपर्ने रु.

| क्र स | कर्मचारीको नाम थर | भौ नं | स्थानीय भत्ता | यातायात | जम्मा रकम |
|---|---|---|---|---|---|
| १. | सुरेन्द्र सिंह धामी | ३१८ | ३९३० | | ३९३० |
| २. | खेमराज अवस्थी | ४३ | | ९०० | ९०० |
| **जम्मा रकम** | | | **३९३०** | **९००** | **४८३०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८३० |

५० **सामाजिक सुरक्षा तर्फ**

५०.१ **सामाजिक सुरक्षातर्फ वितरणः-** यस वर्ष पालिकालाई रू. ८३७५८४८६ .०० सामाजिक सुरक्षा भत्ता निकासा भएकोमा पालिकाबाट उपलब्ध विवरण अनुसार वडागत सामाजिक सुरक्षा वितरणको विवरण निम्नानुसार रहेको छ।

| वडामा भएको खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च |
|---|---|---|---|---|---|
| **वडा नं. १** | 1308808 | 1317358 | 1308504 | 1302654 | 3934670 |
| **वडा नं. २** | 2867641 | 2885562 | 2902610 | 2904499 | 8655813 |
| **वडा नं. ३** | 2616856 | 2607254 | 2617291 | 2609064 | 7841401 |
| **वडा नं. ४** | 3542930 | 3536335 | 3543379 | 3554048 | 10622644 |
| **वडा नं. ५** | 3269898 | 3315797 | 3322069 | 3309943 | 9907764 |
| **वडा नं. ६** | 2532944 | 2556884 | 3592358 | 2575502 | 8682186 |
| **वडा नं. ७** | 2628186 | 2693640 | 2700505 | 2703840 | 8022331 |
| **वडा नं. ८** | 2187532 | 2195444 | 21708701 | 2190194 | 26091677 |
| **जम्मा** | **20954795** | **21108274** | **41695417** | **21149744** | **83758486** |

५०.२ **ग्राहक परिचान विवरण (के.वाइ.सी.) अद्यावधिक नभएको -** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। इ.एफ.टी. मार्फत सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्थाममा छन् सो को विवरण उपलब्ध गराएको छैन। जसबाट खर्च रकम सबै लाभग्राहीले बुझे नबुझेकोमा एकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

५०.३ **सामाजिक सुरक्षा लाभग्राहिको लगत कट्टा समयमा नगरेको -** सामाजिक सुरक्षा ऐन,२०७५ को दफा १९ तथा नियमावली, २०७६ को नियम १३ को उपनियम १ बमोजिम सामाजिक सुरक्षा भत्ता पाईरहेको व्यक्तिको मृत्यु भएमा वा त्यस्तो व्यक्ति सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा सम्बन्धित वडा समितिको सिफारिसमा स्थानीयतहले निजको नाम सामाजिक सुरक्षा भत्तापाउने व्यक्तिको अभिलेखबाट हटाउनु पर्ने व्यवस्था छ। तर यस पालिकाले भत्ता पाउन अयोग्य व्यक्तिहरुको समयमा लगत कट्टा गरेको पाइएन। पालिकाले सामाजिक सुरक्षा ऐन, नियमावली तथा कार्यविधिमा भएको व्यवस्था पुर्ण रुपमा पालना गर्न ध्यान दिनुपर्छ।

५०.४ **मृतकको खातामा भत्ता निकासा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(२ र ४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। पालिकाले विभिन्न वडाको मृत्यु भइसकेका लाभग्राहीहरुको समयमा लगत कट्टा नगर्दा मृत्यु भएको मिति भन्दा पछिको समेत भत्ता लाभग्राहीको खातामा निकासा भइ त्यस्तो रकम

समयमा फिर्ता नहुदा सामाजिक सुरक्षा भत्ताको वास्तविक खर्च एकीन हुन सकिएन। मृत्यु पश्चात पनि सामाजिक सुरक्षा भत्ता भुक्तानी भएको लाभग्राही एकीन गरी समयमा फिर्ता गराउन पालिकाले सक्रिय पहल गर्नुपर्दछ।

| क्र. स. | लाभग्राहिको नामथर | परिचयपत्र नं | ना प्र नं | मृत्यु मिति | फिर्ता रकम |
|---|---|---|---|---|---|
| १. | हरिना देवी लोहार | २००३१२३२१६९२३ | २०९३ | २०८१/२/२९ | २७९० |
| २. | अर्जुन सिंह कुँवर | २००५१२३२२६०८३ | १७५ | २०८१/२/२० | ५३४० |
| ३. | तेज बहादुर चन्द | १९९५१११००१८४८ | १५३३ | २०८१/३/१५ | ४००० |
| ४. | आना ऐरी | २०२११२३०४२८७५ | १३२ | २०८१/२/१० | ४४३५ |
| ५. | सुना देवी चुनारा | २०००१२३२९११७९ | १५४३ | २०८१/३/५ | ३३५० |
| ६. | कलावती देवी कुँवर | २००१०३०५०५३५२ | ७३३०५६-३५४ | २०८०/१०/२५ | ८६७० |
| ७. | केशव दल अवस्थी | १९९११२३०८४०८८ | ५४४ | २०८०/९/७ | १५०६९ |
| ८. | हजारी देवी अवस्थी | १९९९१२३२१७६८१ | ७३३०५५-३१५ | २०८०/१/१३ | १०२६६ |
| ९. | दामा देवी महरा | २००२१२३२२०६३८ | ९८१ | २०८०/९/२९ | १२००० |
| १०. | कौशिला अवस्थी | १९९७१२३१७६४५१ | १८५२ | २०८०/१/३० | ८००० |
| ११. | रतन सिंह कुँवर | २००२१२३२२०६८७ | २२०७ | २०८०/५/३० | ४००० |

## ५१ शिक्षा तर्फ

५१.१ **अनुदान व्यवस्थापन -** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदानप्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रकृया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मावनस्रोत केन्द्रमा पठाउने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा अनुदान दिएका निम्न विद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कार्यान्वियन भए नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिवेदन देखिएन। अत: विद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कार्यान्वियन भएको छ भनि विश्वस्त हुने आधार देखिएन। पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ।

| क्र.सं. | विद्यालयलाई गएको अनुदान | रकम |
|---|---|---|
| १ | समानिकरणबाट निजि शिक्षकको लागि विद्यालयलाई अनुदान | २८३६२००० |
| २ | पाठ्यपुस्तक अनुदान | ३१४५८०९ |
| ३ | गैरआवासिय छात्रवृत्ति | ८८९००० |
| ४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १३४५००० |
| जम्मा | | **३३७४१८०९** |

५१.२ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गत विभिन्न तहका ३९ वटा सामुदायिक विद्यालयमा २५२ शिक्षकको पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमालीक्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२( क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिका स्थित ३९ वटा सामुदायिक

विद्यालयमा ५२०५ जना विद्यार्थी अध्ययनरत रहेका छन। नमुना परीक्षणबाट देहायको अवस्था रहेको पाइयो। त्यसैले पालिकाले न्युन विद्यार्थी भएका बिद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

| सि.नं | विद्यालयको नाम | स्थायी | राहत | जम्मा पदपूर्ति | निजी स्रोत | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | उच्चकोट मा वि गुर्केली | ५ | ३ | ११ | ३ | २७७ | १:२५ |
| २ | नेपाल राष्ट्रिय मा वि ग्वानी | ६ | ३ | १० | १ | २६२ | १:२६ |
| ३ | बशुदेव मा वि लिस्कटा | १२ | ३ | १८ | ३ | ३०३ | १:१७ |
| ४ | शंकर सस्कृत मा वि सुर्नया ६ | १४ | ४ | १८ | | ३१५ | १:१८ |
| ५ | सिगास मा वि मुसे रौटे | ३ | ५ | १२ | ४ | २८२ | १:२४ |
| ६ | कैलपाल भलेलिङ आ वि कोखेत | | २ | २ | | २५ | १:१३ |
| ७ | अनिरुद्र बालकल्याण आ वि | १ | २ | ४ | १ | ३८ | १:१० |
| ८ | केदार आ वि विजुल | | २ | ३ | १ | ६६ | १:२२ |
| ९ | सिद्धनाथ आ वि धुलिधार | ३ | | ४ | १ | ११६ | १:२९ |
| १० | रौलेश्वर मा वि रामकिवरायल | १० | ४ | १६ | २ | २५९ | १:१६ |
| **जम्मा ३९ विद्यालयको** | | **९६** | **६६** | **२५२** | **९०** | **५२०५** | **१:२१** |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१० देखि १:२९ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखिन्छ। अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यानदिनुपर्दछ ।

५१.३ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत विद्यालयलाई निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष ३९ वटा विद्यालयलाई जम्मा रु ११९६९०० निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना हुनुपर्दछ।

५१.४ **विज्ञान प्रयोगशाला स्थापना** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कर्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदानं. ९.६ मा विज्ञान प्रयोगशाला स्थापना गर्न रू. ६५०००० अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले श्री गलिनाथ आ.वि. चौका र भुमिराज मा.वि. ढोलेलाई विज्ञान प्रयोगशालाको लागि रू.६५०००० को दरमा निकासा भुक्तानी दिएकोमा विद्यालयले विज्ञान प्रयोगशाला स्थापनाको लागि खरिद गरिएका सामग्रीको प्राविधिक स्पेसिफिकेशन विना खरिद गरेको देखिन्छ। स्पेसिफिकेशन विना खरिद गरिएका सामाग्रीको गुणस्तरमा आश्वस्त हुने आधार देखिदैन। अतः प्राविधिक तथा ल्याब सामग्री खरिदमा निर्देशिकामा उल्लेखित तथा आवश्यक मापदण्डका आधारमा खरिद गर्नु पर्दछ।

५१.५ **ICT व्यवस्थापन** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कर्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदानं. ९.५ मा विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन गर्न रू. ६५०००० अनुदान दिने व्यवस्था छ।यस वर्ष पालिकाले श्री पंचदेव आ वि डवराली रश्री कैलपाल मा.वि. झारवोलाई ICT व्यवस्थापनको लागि रू.६५०००० को दरमा निकासा भुक्तानी दिएकोमा श्री पंचदेव

आ.वि. डवरालीले रू. ६४९००० को मात्र विल पेश गरि रू. ६५०००० को भुक्तानी लिएको पाइयो । साथै ल्याव सामग्री समेत विद्यालयमा दाखिला गरेको पाइएन। श्री पंचदेव आ.वि. डवरालीले ICT व्यवस्थापन बापत खरिद गरिएका सामग्रीको दाखिला प्रतिवेदन पेश गर्ने र बढी भुक्तानी रू. १००० असुल गरि संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ। रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००० |

५१.६ **पाठ्यपुस्तक अनुदान** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम **(५)** सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न हुनुपर्नेछ व्यवस्थ ा छ साथै कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नं. २.४.६.१मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था रहेको छ सोहि कार्यक्रमको बुदा नं. ३.१ को (५) मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थापनका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० सम्मको लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने र यसरी अनुदान दिँदा पहिलो पटक विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने तथा बाँकि अनुदान शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरणका आधारमा यकिन गरी नपुग रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले २०८१ को शैक्षिक सत्रको लागि पहिलो पटक ७५ प्रतिशत अनुदान ३९ वटा विद्यालयलाई रु.२०८७२३० भुक्तानी दिएकोमा दोस्रो पटक थप अनुदान रकम रू. १०५८५७९ भुक्तानी दिएको पाइयो। अधिकांश विद्यालयले IEMIS अद्यावधिक नगराएको हुँदा पालिकाले दिएको पाठ्यपुस्तक अनुदान रकम र खर्चको वास्तविकता यकिन गर्न नसकिने। विद्यालयलाई IEMIS अद्यावधिक अनिवार्य गराउन पालिकाले पहल गर्नुपर्दछ।

५१.७ **दिवाखाजा कार्यक्रम** - आर्थिक वर्ष २०८०/८१ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०८०/८१ को अनुसूची ४ (ख) मा ४ देखि ९ वर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले सशर्त अनुदानबाट कुल ३९ विद्यालयका लागि खाजा वापत रू.७०२६१००। विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। निकासा दिदा विद्यालयमा विद्यार्थीको उपस्थिति हाजिरीको आधारमा भुक्तानी दिनुपर्नेमा विद्यार्थी सँख्याको आधारमा एकमुष्ट १८० दिनको दरले भुक्तानी दिएको हुदा खर्चको वास्तविक विवरण एकिन गर्न नसकिएको र दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको नभएको सम्बन्धमा पालिकाले अनुगमन गरको पाइएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सहि सदुपयोग भएको छ छैन एकिन हुन सकिएन। यसमा पालिकाले अनुगमन गर्नुपर्दछ।

५१.८ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

५१.९ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको

ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसायिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढीकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

५१.१० **विद्यालयगत निकासा रजिष्टर** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ।

५१.११ **IEMIS अद्यावधिक** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/०८१ मा विद्यालयलाई दिवा खाजा, छात्रवृत्ती, निःशुल्क पाठ्यपुस्तक लगायतका अन्य अनुदान निकासा दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यपन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा निकासा दिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका अधिकांश विद्यालयको IEMIS विवरण अद्यावधिक गरेको देखिएन। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरिएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

## ५२ स्वास्थ्य तर्फ

५२.१ **न्यानो झोला कार्यक्रम**- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०/८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका १४ बर्थिङ सेन्टरमा गतको गतवर्ष ५०० थान खरिद गरेकोमा मौज्दात रही आएको ३०० थान मौज्दात रहेकोमा पालिकाले यस वर्ष न्यानो झौला खरिद गरेको छैन। गत वर्ष २९३ जना र यस वर्ष २४५ जना गरी जम्मा ५३८ प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ५५ थान न्यानो झोला मौज्दातमा रहेका जिन्सी अभिलेख किताबबाट देखिन्छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

५२.२ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १(क) मा पचास लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत उक्त प्रक्रियावेगर टुक्रा टुक्रा गरि विभिन्न मितिमा वार्षिक रु ३५९७८०५ को औषधी सोझै खरिद गरेको पाइयो। यसरी पालिकाले औषधी खरिद गर्दा प्रतिस्प्रधा वेगर औषधी खरिद गर्दा महंगो हुन जाने र पटक पटक खरिद गर्नाले ढुवानी खर्च बढी भई औषधीको लागत समेत बढ्न जान्छ तसर्थ पालिकालाई आवश्यक औषधीको वार्षिक खरिद अनुमान तयार गरि सार्वजनिक खरिद नियमावलीले तोके बमोजिम खरिद गरि नियमको पालना गर्नुपर्दछ। खरिद गरिएका औषधी सहि समयमा वितरण गरिएको छ छैन तथा नागरिकले औषधीको सहि समयमा उपभोग गर्न पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ।

| क्र. स. | गो.भौ.नं. र मिति | औषधि आपूर्तीकर्ताको नाम | रकम | खरिद विधि |
|---|---|---|---|---|
| १. | ६२, २०८०/९/४ | रौलेकेदार मेडिसिन सप्लायर्स | १२५९९५२ | सोझै खरिद |
| ३. | १७३, २०८१/२/२७ | कफलासैनी मेडिसिन सप्लायर्स | ५८५११५९ | सोझै खरिद |
| ५. | १८७, २०८१/२/३० | पाथीभरा मेडिसिन एण्ड सर्जिकल सप्लायर्स | ६८१६२३ | सोझै खरिद |
| ६. | ५०३, २०८१/२/२९ | पाथीभरा मेडिसिन एण्ड सर्जिकल सप्लायर्स | ७५१३४७ | सोझै खरिद |
| ७. | १८८, २०८१/२/३० | नागरिक मेडिसिन सप्लायर्स | ७२२२६ | सोझै खरिद |
| ८. | २५८, २०८१/३/१८ | कफलासैनी मेडीसिन सप्लायर्स | ७७३०० | सोझै खरिद |
| ९. | २९०, २०८१/३/२१ | मकालु मेडिसिन सप्लायर्स | ७०२४४ | सोझै खरिद |
| ११. | ३३५, २०८१/३/२४ | कफलासैनी मेडिसिन सप्लायर्स | ९९९५४ | सोझै खरिद |
| | **जम्मा** | | **३५९७८०५** | |

५२.३ **जिन्सि दाखिला नभएको -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ को उपनियम (१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न आपूर्तीकर्ताबाट खरिद गरिएका जिन्सी सामग्रीको दाखिला प्रतिवेदन पेश नभएकोले दाखिला प्रमाण पेश गर्नुपर्ने रू.

| क्र. स. | भौ नं | व्यवसायिको नाम | बिल रकम |
|---|---|---|---|
| १ | ३१३, २०८१/३/२४ | Moonlight Technical Computer Education | ९९८८६ |
| २ | १७२, २०८१/२/२७ | Moonlight Technical Computer Education and K. B. Traders | २०८७१६ |
| **जम्मा रकम** | | | **३०८६०२** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०८,६०२ |

५३ **कृषि अनुदान बढी भुक्तानी**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि, २०८० को दफा ३९ को बुदा नं ४ र ५ मा धान र मकैको उन्नत बीउ वितरणमा ५० प्रतिशतसम्म अनुदान दिन सकिने व्यवस्था छ। तपसिलको कार्यक्रममा ५० प्रतिशत लागत सहभागितामा अनुदानग्राहीलाई बीउ तथा अन्य कृषि सामग्रीमा अनुदान उपलब्ध गराउनुपर्नेमा पालिकाले शतप्रतिशत अनुदान उपलब्ध गराएकोले ५० प्रतिशतले हुन जाने अनुदानग्राही लागत सहभागिताको अंश सम्बन्धित कृषक तथा समुहबाट यकिनगरी असुल गर्नुपर्दछ। रु.

<u>तपसिल</u>

| क्र.स. | भौ नं र मिति | कार्यक्रमको नाम | कुल कार्यक्रम लागत रकम | पालिकाले गरेको खर्च रकम | पालिकाले गर्नुपर्ने खर्च रकम | कृषकले योगदान गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १. | २११,२०८०/३/११ | मकैवाली पकेट विकास कार्यक्रमको निरन्तरता अनुदान | ५००००० | ५००००० | २५०००० | २५०००० |
| २. | २७७,२०८०/३/२० | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान | ६९९५०० | ६९९५०० | ३४९७५० | ३४९७५० |
| **जम्मा रकम** | | | | | | **५९९७५०** |

पालिकाले वितरित अनुदान रकमको उच्चतम उपयोगको सुनिश्चितता गरेको प्रमाण कागजात लिएको छैन। वितरित अनुदान रकम उपयोग गरी थप रोजगारी सृजना गरेको, राजश्वमा योगदान पुर्‍याएको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए अनुसार सहुलियत दरमा सेवा प्रबाह गरिरहेको सुनिश्चितता गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९९,७५० |

५४ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमुना परीक्षणको क्रममा यो वर्ष पालिकाले निम्नानुसार एउटै प्रकृतिका मालसामान तथा निर्माण कार्यहरुलाई एउटै प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्था हुँदा हुदै पनि विभिन्न फर्म तथा व्यक्तिहरुबाट विविध सामाग्री रु. ४२ लाख ८७ हजार ७३०, निर्माण कार्य रु. ३५ लाख ७७ हजार ९७८ र फर्निचर तथा फिक्चर्स रु. २० लाख १६ हजार २४१ समेत रू. ९८ लाख ८१ हजार ९४९ सोझै खरिद गर्नुका साथै रू. २० लाख १६ हजार २४१ को फर्निचर तथा फिक्चर्स टुक्रा पारी खरिद गरेको देखियो। सोझै खरिद हुँदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु अ कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुँदा निर्माण कार्य उपभोक्ता मार्फत भएको भन्दा पनि महंगो हुने र मालसामान खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन। अत: नियमावलीले तोकेको सीमा भन्दा बढी रकमको खरिद कार्यलाई टुक्रा पारी गरिएको खरिद भएको नियम सम्मत मान्न नसकिएकोले नियमित गर्नु पर्ने रू.

| क्र स | गो.भौ.नं. र मिति | फर्मको नाम/ निर्माण व्यवसायी | खरिदको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1. | ३४(२०८१।३।२२) | इमेजिङ्ग ट्रेड कर्न्सन | स्टेट लाइट खरिद | २९६५६० | |
| 2. | ३५(२०८१।३।२२) | एन. एन. इन्टरनेशनल | स्टेट लाइट खरिद | ५९९७७६ | |
| 3. | ३८(२०८०।१२।२०) | नागार्जुन एण्ड कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. पाटन बैतडी | पाइप खरिद | ९९४०६१ | |
| 4. | १५४(२०८१।२।३२) | Ugratara Infotech Amargadhi-5, Dadeldhura | ल्याप्टप र प्रिन्टर खरिद | ३६३५४३ | |
| 5. | ६(२०८१।३।२०) प्रकोप व्यवस्थापन कोष | शर्मा इम्पेक्स | सामाग्री खरिद | ४९९९२९ | |
| 6. | ३(२०८१।३।११) प्रकोप व्यवस्थापन कोष | रौलेश्वर केदार ट्रेडर्स | ग्याविन बक्स खरिद | ६०९३४० | |
| 7. | ५२(२०८१।३।२४) प्रदेश हस्तान्तरित चालु | कविर ट्रेड एण्ड सप्लायर्स | ग्यारेज सामाग्री, हेयर कटिङ्ग सामाग्री र आरन खरिद | ९२४५२१ | दलित उत्थान तथा सिपमुलक आयआर्जन कार्यक्रम |
| जम्मा | | | | ४२८७७३० | |
| 1. | २१०(२०८१।३।२०) | घटाल दृष्टि ट्रेडर्स एण्ड सप्लायर्स | जोगेनी हिउनया खटाली लिफ्ट खानेपानी योजना | ९८५४२७ | |
| 2. | ९४(२०८१।१।२७) | वि.जि. कन्स्ट्रक्सन | वडा नं. ८ कार्यालय निर्माण | ९४७१०५ | |
| 3. | १२१(२०८१।२।२२) | प्रमोद कन्स्ट्रक्सन एण्ड सप्लायर्स | पपिता बोहरीगाउँ सडक निर्माण | ७८४२०३ | |
| 4. | २२८(२०८१।३।२३) | सुरज निर्माण सेवा | बजपानी देखि वडा कार्यालय सम्म सडक निर्माण | ३१४९९३ | |
| 5. | २२१(२०८१।३।१२) | पर्फेक्ट पावर सोलुसन | बसै सुनवाट लिफ्ट सिचाई योजनाको सोलार खरिद | ५४६२५० | |
| जम्मा | | | | ३५७७९७८ | |
| 1. | १६४(२०८१।३।६) | उग्रतारा इन्फोटेक | फर्निचर तथा फिक्चर्स | ६०७३०७ | |
| 2. | १६५(२०८१।३।६) | ई.जि. टेक सोलुसन | फर्निचर तथा फिक्चर्स | ११६००० | |
| 3. | १८६(२०८१।३।११) | आलोक मल्टी कन्सर्न प्रा.लि. | फनिर्चर तथा फिक्चर्स खरिद | ३४५६७९ | |
| 4. | ८६(२०८१।१।२५) | हव कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | फर्निचर तथा फिक्चर्स | ९४७२५५ | |
| जम्मा | | | | २०१६२४१ | |
| कुल जम्मा | | | | ९८८१९४९ | |

| | |
|---|---|
| अनियमित भएको | २०,१६,२४१ |

५५ **सुस्त गतिमा अस्पताल भवन निर्माण**

एकिकृत स्वास्थ्य पूर्वाधार (आधारभूत १० शैया) अस्पताल भवन निर्माण कार्यको लागि मिति २०७८।१०।२६ गते CM/SK/Shivling जे.भि. र यस पालिका विच भएको सम्झौतामा २०८०।१०।२६ गते भित्र कार्य सम्पन्न गरिसक्नु पर्ने उल्लेख छ। मिति २०८२।३।३१ भित्र कार्यसम्मपन्न गरिसक्ने गर्ने गरी प्रथम पटक म्याद थप भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार कूल सम्झौता मूल्य रू.१४७४०३८३२.०० (मु अ कर सहित) भएकोमा पहिलो विलाबाट रू.५४७८८२९.००, दोस्रो विलबाट रू. १४१७८३३५.००, तेस्रो विलबाट रु. ४४११७६१.०० र चौथो विलबाट रु. ११८१७०७४.०० गरी कुल रु.३५८८५९९९.०० भुक्तानी भएको छ। जस अनुसार सुरु सम्झौताको म्याद समाप्त भई यस आ.व. को अन्त्य सम्म थप अवधिको समेत २९ प्रतिशत अविध सकिएको अवस्थामा २४.३५ प्रतिशत मात्र वित्तीय तथा २८ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। बाँकी १० महिनामा पुरै काम सकिन सक्ने अवस्था देखिदैन। निर्माण व्यवसायीलाई कार्यतालिका पेश गर्न लगाई समयमा कार्य सम्पन्न गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

५६ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने उल्लेख छ। पालिकाले निम्नानुसारका ठेक्का सम्झौताको कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्दा कम्तीमा एक महिना अवधिको थप गरेको देखिएन। पालिकाले ठेक्का सम्झौताको म्याद त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना थप अवधिको कार्यसम्पादन जमानतको म्याद राखि ठेक्का सम्झौता कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| क्र.स. | ठेक्का न. र ठेक्काको विवरण | निर्माण ब्यबसायीको नाम | ठेक्का अंक | सम्पन्न गर्नुपर्ने मिति | परफरमेन्स बन्ड रकम | परफरमेन्स बन्डको म्याद सकिने मिति | म्याद हुनुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | NCB/SRM/BAITADI/04\1-080/81- जोगेनी हिट्नया, खटाली लिफ्ट खानेपानी योजना | MK/SUNIL/MSO निर्माण सेवा जे.भि. | ६५७२४८० | २०८१।२।२० | ७१६६६० | २०८२।२।२० | २०८२।३।२० | सम्पन्न |
| २ | NCB/SRM/BAITADI/02\1-080/81- बसै ग्वानी सुनवाटा लिफ्ट सिंचाई योजना | पृथ्वी/ न्यू सिर्जना/ खपैनाथ निर्माण सेवा जे.भि. | ७३०१८७६ | २०८१।२।२० | ७९०४०१ | २०८२।२।२० | २०८२।३।२० | सम्पन्न |
| ३ | NCB/SRM/BAITADI/03\1-080/81- दिपुपिजास मन्दिरदेखि केदारगुफा सम्म पि सि सि बाटो निर्माण | सुरज निर्माण सेवा | ४५८५६०१ | २०८१।२।२० | १०३४७९४ | २०८२।२।२० | २०८२।३।२० | सम्पन्न |

५७ **बीमा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रू. बीस लाख भन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्न रू. २० लाख भन्दा बढिको निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वयन गर्नु पर्दछ।

| क्र स | योजनाको नाम | सम्बद्ध निर्माण व्यवसायी | कूल लागत अनुमान |
|---|---|---|---|
| १ | बसै ग्वानी सुनवाटा लिफ्ट सिंचाई योजना | पृथ्वी/ न्यू सिर्जना/ खपैनाथ निर्माण सेवा जे.भि. | ९५९१९१६ |

५८ **खरिदमा न्यून प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तवनामा खरिदलाई खुला र प्रतिस्पर्धी बनाउने उद्देश्य लिएको छ।त्यसै गरी ऐनको दफा २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही नहुने व्यवस्था छ। यो वर्ष पालिकाबाट भएमा खरिदका ठेक्का प्रक्रियाको परीक्षण गर्दा ईविडिङ् मार्फत नै बोलपत्र आह्वान भएको देखिएकोमा न्यून प्रतिस्पर्धा भई ठेक्का बन्दोबस्त हुने गरेको देखियो। टेण्डर फारम विक्री संख्या दाखिला संख्या तथा वोलपत्र मूल्याङ्कनको स्थिति विश्लेषण गर्दा बोलपत्र दाताहरु आपसमा मिलोमतो हुन सक्ने अवस्था देखिन्छ। खरिद प्रक्रियामा वोलपत्रदाताहरु बीच मिलोमतो भएको अवस्थामा खरिदमा प्रतिस्पर्धा सीमित हुन गई सार्वजनिक निकाय खुला प्रतिस्पर्धाको लाभबाट बन्चित हुने अवस्थालाई मध्य नजर गरी मिलोमतोको सम्भावना देखिएको ठेक्का प्रक्रिया समयमै रद्द गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन पालिकाको ध्यान जानु पर्दछ।

| **खरिदको विवरण** | **छनौट भएको व्यवसायीको नाम** | **लागत अनुमान** | **सम्झौता रकम** | **लागत अनुमान भन्दाघटिएको प्रतिशत** |
|---|---|---|---|---|
| आकुडी खानेपानी ट्यांकी निर्माण | विजी कन्स्ट्रक्सन | **७७२७५४** | ७७०३२४ | ०.३१ |

## ५९ बसै ग्वानी सुनवाटा लिफ्ट सिंचाई योजना

बसै ग्वानी सुनवाटा लिफ्ट सिंचाई योजना निर्माण कार्यको पृथ्वी/न्यू सिर्जना/खपैनाथ निर्माण सेवा जे.भि. संग मिति २०८१।२।२० भित्र कार्यसम्पादन गर्ने गरी रु. ७३०१८७६.०० मा सम्झौता भई कार्यसम्पन्न भएकोमा पालिकाले राना सप्लायर्सबाट रु. ८५९३०८.०० मा मोटर र पर्फेक्ट पावर सोलुसनबाट रु. ५४६२५०.०० मा सोलार सोझै खरिद गरेको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावलीको नियम ११८ मा सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति भएमा सार्वजनिक निकायको भेरियशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। पालिकाले लागत अनुमान गर्दा पूर्वानूमान गर्ने नसकिएको वा लागत अनुमान गर्दा छुट भएको Items लाई भेरियसन आदेश स्वीकृत गरी रेट नेगोशियसन मार्फत खरिद गर्नुपर्नेमा सोझै लागत अनुमानको हाराहारीमै खरिद गरेकोले आयोजनाको लागत वृद्धि हुन गएको देखिन्छ। अत: भेरियसन आदेश जारी नगरी सोझै खरिद गरेको कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १४,०५,५५८ |

## ६० कर बिजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायी इन्द्र धनु निर्माण सेवाले (मू अ कर नं. ६०६७९९७५७) हटेराज देखि वटैराज सम्म सडक निर्माण कार्यमा डोजर प्रयोग वापत विल नं. रु. १०३९६००.०० भुक्तानी भएकोमा फोटोकपी बिल संलग्न राखि भुक्तानी भएकोले छ। तसर्थ सक्कल कर बिजक वेगर कार्यालयबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण सहित सक्कल बिल पेश गर्नुपर्दछ।रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,३९,६०० |

## ६१ बढि दरमा भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्मस तथा दर रेटलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। सडक विभागबाट जारी Norms for Rate Analysis as per Standard Specification for Road and Bridge works मा Excavation of all types of soil ३६० घनमिटरको लागि Skilled १ जना (११२५), unskilled ३ जना (८५०) र ६ घण्टा एक्जाभेटर (३८४४) को गरी प्रति घनमिटर रु. ८५, Excavation in ordinary rock को प्रति घनमिटर रु. २५२ र Excavationin Hard rock को प्रति घनमिटररु. ११५४ मु अ कर सहित भुक्तानी हुनुपर्नेमा सिन्केलेह देखि वाशुलिङ्ग स्वास्थ्यचौकी सम्म कृषि सडक निर्माण कार्यको तपशिल बमोजिम बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्दछ। रु.

| Items | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी भुक्तानी भएको दर | परिमाण (घनमिटर) | जम्मा |
|---|---|---|---|---|---|
| Excavation of all types of soil | ९१.४९ | ८५ | ६.४९ | ५६१.७४ | 3645 |
| Excavation in ordinary rock | १२६ | ८५ | ४१. | ६९९.८ | 28691 |
| Excavation ordinary rock | ३४८ | २५२ | ९६. | २३७ | 22752 |
| Excavation Hard rock | ४४५ | ११५४ | ७०९. | ६३.९ | -45305 |
| जम्मा | | | | | 9784 |
| उपभोक्ता समितिको श्रमदान (१९.३२ प्रतिशत) | | | | | १८७८ |
| असुल हुनुपर्ने रु. | | | | | ७९०६ |

| असुल गर्नुपर्ने | ७,९०६ |
|---|---|

६२ **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष प्रकोप व्यवस्थापन कोष गो.भौ. नं. ६(२०८१।३।२०) शर्मा इम्पेक्सबाट खरिद गरेका निम्नानुसार सामाग्रीको माग विवरण, लागत अनुमान, जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न छैन। के कति परिमाणमा कहाँ खपत भयो सोको नापी किताव सहितको प्रमाण पेश हुनु पर्ने रु.

| क्र स | खरिद भएको सामान | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | प्लाष्टिक त्रिपाल | १०० पिस | २४०८ | २४०८०० |
| २ | प्लाष्टिक डोरी | १० के.जि. | ४४३ | ४४३० |
| ३ | पाईप २० mm | १८०० मिटर | ३६ | ६४८०० |
| ४ | पाईफ २५ mm | १२०० मिटर | ५६ | ६७२०० |
| जम्मा | | | | ३७७२३० |
| कुल जम्मा मू अ कर सहित | | | | ४२६२७० |

| प्रमाण पेश नगरेको | ४,२६,२७० |
|---|---|

६३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फर्स्योट गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्ष र यस वर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फर्स्योट नभएकोले नियमानुसार पेश्की फर्स्योट हुनु पर्दछ।

| क्र स | गो भौ न मिति | पेश्की प्राप्त गर्नेको नाम | म्याद नाघेको पेश्की | | म्याद ननाघेको पेश्की | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | यस आव | गत आव | यस आव | गत आव | |
| १ | २(२०८०।४।१) | श्री उच्चकोटी मावि | ० | १५००००० | ० | ० | १५००००० |
| २ | २(२०८०।४।१) | श्री कैलपाल भेलेलिङ्ग आवि | ० | ७२०००० | ० | ० | ७२०००० |
| ३ | २(२०८०।४।१) | हटैराज स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति | ० | ११९०००० | ० | ० | ११९०००० |
| ४ | १२(२०८०।१२।४) | जनचेतना विकास समाज नेपाल | ७५०००० | ० | ० | ० | ७५०००० |
| ५ | २(२०८०।४।१) | पानीफुट्ट बेडखोला खानेपानी मर्मत उपभोक्ता समिति | ० | ६०००० | ० | ० | ६०००० |
| ६ | २(२०८०।४।१) | मल्ला ढोले देउलाड चौपाता डाँडा खानेपानी योजना | ० | १६०००० | ० | ० | १६०००० |
| ७ | २(२०८०।४।१) | मौरेखोला खानेपानी मर्मत निर्माण उपभोक्ता समिति | ० | ४०००० | ० | ० | ४०००० |
| ८ | ६(२०८०।४।१) | सुरेन्द्र सिंह धामी | ० | ४००००० | ० | ० | ४००००० |
| ९ | ७(२०८०।४।१) | कुमारी हिरा भट्ट | ० | ६२००० | ० | ० | ६२००० |
| १० | ७(२०८०।४।१) | कुमारी हिरा भट्ट | ० | २६२००० | ० | ० | २६२००० |
| ११ | ७(२०८०।४।१) | निरञ्जन विष्ट | ० | १००००० | ० | ० | १००००० |
| १२ | ७(२०८०।४।१) | बिरेन्द्र सिंह ऐरी | ० | १८७५०० | ० | ० | १८७५०० |
| १३ | ७(२०८०।४।१) | बिरेन्द्र सिंह ऐरी | ० | ६२५०० | ० | ० | ६२५०० |
| १४ | ७(२०८०।४।१) | बिरेन्द्र सिंह ऐरी | ० | ६००००० | ० | ० | ६००००० |
| १५ | | सि.एम. एस. के. शिवलिङ्ग जे.भि. | ० | १४५००००० | ० | ० | १४५००००० |
| जम्मा | | | ७५०००० | १९७६४००० | ० | ० | २०५१४००० |

| | |
|---|---|
| पेश्की | ७,५०,००० |

## ६४ निर्माण कार्यको अन्त्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिमको कार्य पुरा नगरेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र दफा ८ मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत गरी सम्झौता बमोजिम बाँकी रहेको काम पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम काम नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गरी दफा ६३ बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने उल्लेख छ। निर्माण व्यावसायीलाई सम्झौता बमोजिम कार्य गर्न पटक पटक ताकेता गर्दा पनि निर्माण कार्य अधुरो राखेको र सम्झौता अनुसार कार्य नगरेकोले ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय गरी कालो सुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाएको देहायवमोजिम खरिद सम्झौताको बाँकी काम सम्पन्न गर्न लाग्ने रकम सम्वन्धित निर्माण व्यवसायिवाट असूल गर्नुपर्दछ। रु.

| ठेक्का नं. कामको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हालसम्मको भुक्तानी रकम | हालसम्मको प्रगती प्रतिशतमा | बाँकी काम गर्न लाग्ने रकम |
|---|---|---|---|---|---|---|
| NCB/SRM/BAITADI/12-2078/79- सतवाज सिरभावर सडक निर्माण | NKP Construction | १६०३८८९ | २०८०।१।२ (म्याद थप समेत) | ९२१०३२ | ६१.२४ | ६८२८५७ |
| NCB/SRM/BAITADI/2-2079/80- मोतीनगर भरभट्याना भूमिराज सडक निर्माण | प्रमोद कन्स्ट्रक्सन | ४७९०७२३ | २०८०।२।२० | ३४२९४७२ | ७१.६ | १४२०१९३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,०३,०५० |

## ६५ अनुपातिक कट्टी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। त्यसै गरी सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (पहिलो संशोधन) सम्बन्धी कार्यविधि २०७६ को दफा ५ मा उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वियन गर्दा १० प्रतिशत लागत सहभागिता गर्नुपर्ने व्यवस्था छ।रोलेश्वर स्वास्थ्य चौकी आगनमा रहेको विधुत पोल सार्ने कार्य उपभोक्ता समितिबाट गर्ने गरी पालिका र उपभोक्ता समितिबिच सम्झौता भएकोमा रु. १९७३३४.०० कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमा १० प्रतिशतले हुने लागत सहभागिताको अंश रु. १९७३३४.०० कट्टी गरी १७७६०१.०० भुक्तानी हुनुपर्नेमा रु. १९३९६७.०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,३६६ |

## ६६ उपभोक्ता समिति मार्फत कार्य

सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुर्‍याउने उल्लेख छ।पालिकाले सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन।यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि विश्वस्त हुने अवस्था छैन। यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आवश्यक देखिन्छ।

## ६७ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोगगरेको हेभीउपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| १५(२०८१।१।२७) | हटैराज देखि वटैराज सम्म सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | १३१६८३३ | डोजर | १०३९६०० |
| १४०(२०८१।२।२८) | सिन्केलेक देखि वाशुलिङ्ग स्वास्थ्य चौकी सम्म कृषि सडक निर्माण | सडक निर्माण | २४९५९२ | डोजर | १८९००० |

## ६८ सुरक्षित नागरिक आवास

सुरक्षित नागरिक आवासकार्यन्वयन कार्यविधि, २०७५ को बुदा ५(७) र ५(८) मा क्रमस पहिलो किस्ता वापत ६० प्रतिशत र दोस्रो किस्ता बापत ४० प्रतिशत रकम उपलव्ध गराउनु पर्ने व्यवस्था छ। सोही अनुसार यस पालिकाको लागि छनौट भएका लाभग्राही संख्या १८५ को लागि प्रति लाभग्राही रु.५००००.००का दरले अनुदान दिने व्यवस्था भएको देखिन्छ। लेखापरीक्षणको लागि पेश भएको विवरण अनुसार गत वर्ष सम्म निम्नानुसार ७८ जानाले दुबै किस्ता प्राप्त गरेको देखियो भने यो वर्ष १५० जनाले दोस्रो किस्ता प्राप्त गरेको देखिन्छ। जस अनुसार यो वर्षको अन्त्यस सम्म १८३जनाले दुबै किस्ता प्राप्त गरेका छन। पालिकाका २ जना लभाग्राहीहरुले अझै सम्म दोस्रो किस्ता वापतको अनुदान प्राप्त गर्न सकेको देखिएन। अत २ जना लभाग्राहीहरुलाई भुक्तानी भएको पहिलो किस्तावापतको रकम उपयोगमा ल्याउन निजहरुको निर्माणाधिन आवास सम्पन्न गर्न लगाई दोस्रो किस्ता बापत हुने रू. ६००००.०० भुक्तानी हुने अवस्था सृजना गरी कार्यक्रम सम्पन्न गर्नु पर्दछ।

## ६९ आर्थिक ऐनको कार्यान्वयन

सुर्नया गाउँपालिकाको आर्थिक ऐन, २०८० ले आफ्नो क्षेत्रअधिकार भित्रको करको दर निर्धारण गरेको छ। पालिकाले निम्नानुसार करदाताबाट आर्थिक ऐनले तोकेको दर भन्दा कम दरमा राजस्व संकलन गरेको देखिन्छ। नमुना परीक्षणको क्रममा देखिएको व्यहोरा निम्नानुसार छ।

| करदाताको नाम | वडा नं. | करको प्रकार | विवरण | आर्थिक ऐन अनुसार करको दर | संकलित हुनुपर्ने रकम | संकलन भएको रकम | घटी संकलन |
|---|---|---|---|---|---|---|---|
| मनुवा, धनी, मानविर, रिउले बोहोरा | ८ | भूमिकर विल नं. ३१ | चहार ०-२-२-२ | न्यूनतम भूमिकर रु.२५ | २५ | ०.६३ | २४.३४ |
| कमला कुमारी बिष्ट | ५ | नागरिकता सिफारिस विल नं. २५ | संख्या १ | १०० | १०० | २ | ९८ |
| नेफुवा लुहार | ४ | निवेदन दस्तुर | संख्या १ | नतोकेको | ० | ७ | (७) |
| भुवनेश्वरी चन्द | ४ | निवेदन दस्तुर | संख्या १ | नतोकेको | ० | ७ | (७) |

यसरी पालिकाको राजस्व संकलनको मूल कानूनी दस्तावेज आर्थिक ऐन भन्दा बाहिर गई राजस्व संकलन गर्ने कार्य नियमसम्मत देखिदैन। अत: पालिका यस सम्बन्धमा थप एकिन गर्नुपर्दछ।

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:
<table>
<tr><th>खाता</th><th>स्रेस्ताअनुसार मौज्दात रु.</th><th>बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.</th><th>फरक रु.</th></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>७०५९०४९.११</td><td>७०५९०४९.११</td><td>०</td></tr>
<tr><td>चालु खर्च खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>पुँजीगत खर्च खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>४०९०६३.७४</td><td>४०९०६३.७४</td><td>०</td></tr>
<tr><td>स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>१७९९९.२०</td><td>१७९९९.२०</td><td>०</td></tr>
<tr><td>स्थानीय तह विविध कोष खाता</td><td>१८४४८</td><td>१८४४८</td><td>०</td></tr>
<tr><td>स्थानीय तह धरौटी खाता</td><td>७१८०७८१.७३</td><td>७१८०७८१.७३</td><td>०</td></tr>
<tr><td>ग१.१, आन्तरिक राजस्व खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>बैङ्क</td><td>१४६८५३४१.७८</td><td>१४६८५३४१.७८</td><td>०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>०</td></tr>
</table>
</td><td>०</td></tr>
</table>

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सुर्नया गाउँपालिका, बैतडी , सुर्नया गाउँपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Raghunath Awasthi | २०७९-१०-२५ | २०८०-९-२० |
| कार्यालय प्रमुख | harsa bahadur roka | २०८०-१२-१ | २०८१-५-१३ |
| लेखा प्रमुख | Babita Rawot | २०७९-६-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,२२८,८८९ | ६,९५९,४०३ | ४,९४३,६२५.५७ | ० | ० | ७५०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १५,८८१,९१७.५७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्योट गरी संपरीक्षण भएको रकम रु.** | १३७,५४३.५७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १५,७४४,३७४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १३७५३९६४.०४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०१४०१९३५ | **चालु खर्च** | ३१०६४१३९५.६५ |
| **प्रदेश सरकारबाट अनुदान** | २०३९७६८१ | **पूँजीगत खर्च** | ५९४९०७३१.१ |
| **राजश्व बाँडफाँट** | ७१०८७७८३.४९ | **वित्तीय/अन्य व्यवस्था** | १३३८१९५३३.९ |
| **आन्तरिक आय** | ४७३४८१८.४७ | | |
| **अन्य आय** | १०७२९६२६४ | | |
| **कुल आय** | ५०४९१८४८१.९६ | **कुल खर्च** | ५०३९५१६६०.६५ |
| **बाँकी मौज्दात** | | १४७२०७८५.३५ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।